जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक २६, २०७८ साल माघ १४ गते शुक्रबार, नेपाल संवत् ११४२ (Jan. 28, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## विश्वको आर्थिक वृद्धिदर घट्ने

काठमाडौं । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले सन् २०२२ मा आर्थिक वृद्धिदर घट्ने जनाएको छ । आइएमएफद्वारा प्रकाशित विश्व आर्थिक दृष्टिकोणको त्रैमासिक अपडेटमा विश्वव्यापी आर्थिक वृद्धिदर ४.४ प्रतिशतमा सीमित हुने अनुमान गरेको छ ।

यसअघि सन् २०२१ मा आइएमएफले आर्थिक वृद्धिदर ५.९ प्रतिशत हुने प्रक्षेपण गरेको थियो भने गत अक्टोबरमा ४.९ प्रतिशत हुने प्रक्षेपण गरेको थियो । तर कोरोनाका कारण **बाँकी ८ पेजमा**

## प्रहरीमा दरबन्दी थप्ने तयारी

काठमाडौं । सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) मा अतिरिक्त महानिरीक्षक (एआईजी) को दरबन्दी बढाउने तयारी गरेको छ । नेपाल प्रहरीमा तीन र सशस्त्रमा एक एआईजीको दरबन्दी बढाउन अर्थ मन्त्रालयले सैद्धान्तिक स्वीकृति दिएको हो ।

सहमतिसहितको फाइल अर्थले गृहमा पठाइसकेको बताइएको छ । दरबन्दी थप्नेसम्बन्धी दुवै प्रहरीबाट आएका प्रस्तावमा गृह मन्त्रालयले आन्तरिक छलफल गरी सैद्धान्तिक सहमतिका लागि अर्थ मन्त्रालयमा पठाएको थियो । स्रोतका अनुसार सशस्त्र प्रहरीमा हाल २ वटा एआईजीको **बाँकी ८ पेजमा**

# महाकालीमा भारतको बलमिच्याइँ तीव्र



काठमाडौं । नेपालले पहिलेदेखि नै आफ्नो भूभागको रक्षा गर्न कदम नचाल्दा सीमा क्षेत्रमा भारतको बलमिच्याइँ बढिरहेको छ । सीमा सुरक्षाका लागि प्रस्ट रणनीति बनाएर अघि बढ्न नेपाल सरकार अहिले पनि चुकिरहेको छ । भारतसँग सिमाना जोडिएका कतिपय स्थानमा आफ्नो सुरक्षा संयन्त्र व्यवस्थित रुपमा तैनाथ गर्न नसक्नु ठूलो कमजोरी हो । सीमा क्षेत्रका अति संवेदनशील र अत्यावश्यक ठाउँमा समेत फौज राख्न नसक्नु अतिक्रमणलाई ठाउँ दिनु हो । सशस्त्र प्रहरी बललाई मूलतः सीमा रक्षा र दंगा नियन्त्रण गर्ने काममा केन्द्रित गर्नुपर्नेमा प्रभावकारी परिचालन हुन सकेको छैन ।

सीमा विवाद सुल्झाउन बेला बेला दुईपक्षीय रुपमा समिति बनाइए पनि त्यस्तो प्रयास फितलो हुँदै आएको छ । यसको कारण हो कालापानी र सुस्ता क्षेत्रको सीमा विवाद प्राविधिक वा प्रशासनिक तहबाट समाधान हुन नसक्नु । दुवै देशले उच्च तहको संयन्त्र बनाएर राजनीतिक तहबाटै गम्भीर प्रयत्न गरे मात्र विवाद समाधान हुन सक्छ । सीमा विवाद समाधानका लागि भारतको राजनीतिक नेतृत्वको रुचि अपेक्षित हुन्छ । नेपालले ऐतिहासिक प्रमाण, तथ्य र तर्कसहितको व्यवस्थित विवरण तयार गरेर प्रधानमन्त्री तहबाटै कूटनीतिक र राजनीतिक प्रक्रियाबाट यो मुद्दा अघि बढाउन ढिलाइ हुँदैछ ।

सन् १८१६ मार्च ४ को सुगौली सन्धिले नेपालको पश्चिमी सीमा महकाली नदीलाई तय गरेको छ । तर भारतले नेपाली भूभाग लिपुलेक, कालापानी र लिम्पियाधुरालाई आफ्नो नियन्त्रणमा लिएर एकपक्षीय रुपमा तिब्बतमा रहेको धार्मिक स्थल मानसरोवरसम्म जाने बाटो निर्माणलाई रोक्नुको सट्टा झन् तीव्रता दिएको छ । नेपाल सरकारले नेपाली भूमिमा १९ किलोमिटर सडक विस्तारलाई रोक्न आग्रह गरे पनि भारतले टेरेको छैन । पछिल्लो समय दार्चुलाको सदरमुकाम खलंगा बजारको पारिपट्टि महाकाली नदीको बहाव नेपालतर्फ धकेलिने गरी भारतले पक्की तटबन्ध निर्माण थालेको छ । भारतले पिथौरागढ धार्चुला लिपुलेक सडक निर्माण गर्दा महाकाली नदीको बहाव नेपालतर्फ धकेलिएको छ । भारतले आफ्नो तर्फ सडक निर्माण गर्दा खसेको पहिरोले महाकालीको बहाव नेपालतर्फ आएर सडक डुबाउनुका साथै भत्काएको छ । महाकाली नदीको प्राकृतिक बहावलाई अतिक्रमण गरेर भारतीय पक्षले पटक पटक गैरकानुनी र एकतर्फी संरचना बनाउँदै आएको छ । निर्माणाधीन भारतीय सडक ६ सय मिटर उचाइमा छ र नेपालतर्फको गोरेटो करिब २० मिटर र कतै नदी किनारै किनारमा पर्छ । भारतले सडक विस्तारका क्रममा महाकालीपारि गर्वाधार क्षेत्रमा चट्टान फुटाउन बम विस्फोट गराउँदा ढुंगा नदीमा खसेर महाकालीको प्रवाह रोकिने र तानघाटदेखि बुदीसम्म महाकाली किनारको नेपालतर्फको जमिन तीव्र रुपमा कटान भएको छ ।

भारतीय पक्षले खलंगाको पुलघाटदेखि तल्लो क्षेत्रमा करिब दुईदेखि पाँच मिटर नदीतिरको भागमा तटबन्ध निर्माण सुरु गरेको छ । नदीको बहाव परिवर्तन हुने गरी भारतले तटबन्ध बनाउन थाले पनि नेपाली प्रशासनसँग कुनै समन्वय गर्न आवश्यक ठानेको छैन । यो सरासर भारतको हेपाहा प्रवृत्ति हो । अन्तर्राष्ट्रिय सीमावर्ती क्षेत्रमा निर्माण गरिएका भारतीय अनधिकृत संरचना हटाउन र त्यस्ता संरचना बनाउन नदिन नेपाल सरकारले सबल कूटनीतिब पहल नगर्दा भारतीय बलमिच्याइँका घटनाहरू झनै बढ्न थालेका छन् । भारतीय केन्द्रीय जल विभागले जनवरी १८ बाट आफ्नो भूभागतर्फ पुलघाटदेखि जहरलालसिंह लबियाल स्टेडियमसम्मको एक किलोमिटर क्षेत्रमा पक्की तटबन्ध निर्माण सुरु गरेको छ जसको उचाइ ९ मिटर रहेको छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताअनुसार सीमा नदीको बहावलाई असर पर्ने गरी कुनै पनि मुलुकले एक अर्काको सहमतिबिना भौतिक संरचना निर्माण गर्न पाइँदैन ।

गत पुस मध्यतिर नदी किनारमा नापजाँच गरेको भारतले माघको सुरुवातबाटै तटबन्धको काम थालेको हो । नेपाल भारतबीच यसअघि आफूखुसी तटबन्ध नबनाउने सहमति भइसके पनि भारतले पालना नगरेको हो । अन्तर्राष्ट्रिय कानुन र आपसी सहमतिबेगर भारतले महाकालीको बहाव नेपालतर्फ फर्कने गरी तटबन्ध बनाइरहेको हो । तटबन्ध निर्माण गर्दा भारतीय पक्षले नेपालसँग परामर्श समेत गर्न उचित ठानेन । भारतले तटबन्ध निर्माण सुरु गरेपछि मात्र संरचनाबारे दार्चुला जिल्ला प्रशासन कार्यालयले सोधपुछ गरेको जनाएको छ । मौखिक रुपमा जानकारी माग्दा भारतीय पक्षले पुरानो तटबन्ध भत्काएर नेपालतर्फको जस्तै तटबन्ध बनाउन लागेको जनाएको थियो । **बाँकी ८ पेजमा**

## 'क्लिनस्विप' बाट जोगियो एमाले

काठमाडौं । राष्ट्रिय सभातर्फ २० फागुनबाट रिक्त हुने १९ पदमध्ये १८ पदमा पाँच दल आबद्ध सत्ता गठबन्धनका उम्मेदवार निर्वाचित बनेका छन् ।

१९ पदका लागि सातै प्रदेशमा बुधबार राष्ट्रिय सभा सदस्य चुन्न मतदान भएको थियो । जसमध्ये एक सिट मात्रै नेकपा एमालेको पोल्टामा गएको हो ।

निर्वाचन आयोगका अनुसार प्रदेश एकमा तीन सदस्य चुन्न भएको निर्वाचनमा प्रमुख सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीका एक/एक जना तथा प्रमुख प्रतिपक्षी एमालेका एक जना उम्मेदवार निर्वाचित भएका हुन् । **बाँकी ८ पेजमा**

## विवादमा सेनापति



काठमाडौं । नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा उपरथिहरूको म्याद थपमा भेदभाव गरिएको भन्दै विवादमा तानिएका छन् । प्रधान सेनापतिको जिम्मेवारी सम्हालेसँगै स्वास्थ्यमा समस्या देखिँदा कार्यसम्पादनमा समस्या झेल्दै आएका शर्माले पूर्वाग्रह राख्दै वरिष्ठलाई किनारा लगाउँदै कनिष्ठको मात्र म्याद थपका लागि मन्त्रिपरिषदमा नाम सिफारिस गरेको आरोप व्यहोर्नु परेको छ । **बाँकी ८ पेजमा**

## कृषि तथा पशुजन्य वस्तु आयातमा वृद्धि

काठमाडौं । चालू आर्थिक वर्षको ६ महिनामा २ खर्ब १६ अर्बको ७१ करोड २६ लाख ९१ हजार मूल्यको कृषि तथा पशुजन्य वस्तुको मात्र आयात भएको छ । भन्सार विभागको तथ्यांकअनुसार गतवर्षको तुलनामा यस वर्ष ३२ प्रतिशतले कृषि तथा पशुजन्य वस्तुको आयातमा वृद्धि भएको हो ।

गत वर्ष सोही अवधिमा कृषि तथा पशुजन्य वस्तु १ खर्ब ४५ अर्ब ३९ करोड ६८ लाख ६० हजार रुपैयाँको भएको थियो । यस वर्ष गत वर्षको तुलनामा ७१ अर्ब ३१ करोड ४० लाख ५ हजार रुपैयाँ बढीको कृषि तथा पशुजन्य वस्तुको आयात हो ।

यसैगरी, विभागका तथ्यांकअनुसार चालू आर्थिक वर्षको ६ **बाँकी ८ पेजमा**

## ऐन संशोधनको तयारी

काठमाडौं । सरकारले स्थानीय चुनाव सार्न स्थानीय तह निर्वाचन ऐन र स्थानीय सरकार सञ्चालन ऐनका प्रावधान संशोधनको तयारी गरेको छ। केही दफा संविधानसँग बाझिएको र केही संविधान प्रतिकूल भएको तर्कसहित संशोधन गर्न लागिएको हो।

महान्यायाधिवक्ता खम्मबहादुर खातीले स्थानीय तह निर्वाचन ऐन-२०७३ को दफा ३ (१) खारेज गरिने बताए। उक्त दफामा सदस्यहरूको निर्वाचन गाउँ-नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि हुने उल्लेख छ। **बाँकी ८ पेजमा**

## व्यापार घाटा बढेको बढ्यै

काठमाडौं । पछिल्लो समय मुलुकको व्यापार घाटा अस्वाभाविक रूपमा बढेको छ । चालू आर्थिक वर्ष २०७८/७९ को ६ महिनाको अवधिमा व्यापार घाटा बढेर ८ खर्ब ८० अर्ब ४९ करोड १७ लाख ४७ हजार रुपैयाँ पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा व्यापार घाटा ४६ दशमलव ६४ प्रतिशतले बढेको हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा व्यापार घाटा जम्मा ६ खर्ब ४४ करोड ६१ लाख ८१ हजार रुपैयाँ थियो ।

भन्सार विभागका अनुसार अघिल्लो आर्थिक वर्षको भन्दा चालू आर्थिक वर्षको बितेका ६ महिनाको अवधिमा कुल ७४ अर्ब ४ करोड ५५ लाख **बाँकी ८ पेजमा**

## भ्रष्टाचार नियन्त्रणमा नेपाल असफल



काठमाडौं । भ्रष्टाचारको विश्वव्यापी सूचकांकमा नेपाल ११७ औं स्थानमा यथावत् छ। विश्वका विभिन्न देशमा भ्रष्टाचारको स्थिति निगरानी गर्ने ट्रान्स्परेन्सी इन्टरनेसनलले मंगलबार जारी गरेको भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई)-२०२१ मा नेपालले सयमा ३३ अंक पाएको छ। अघिल्लो वर्ष पनि नेपाल यही स्थानमा थियो।

'नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै रहेको छ,' ट्रान्स्परेन्सीले भनेको छ, 'अघिल्लो वर्ष (सन् २०२०) र यस वर्ष (सन् २०२१) नेपालको स्कोर स्थिर रहनुमा भ्रष्टाचार नियन्त्रणमा केही प्रगति हुन नसकेको रूपमा लिन सकिन्छ।'

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक प्रतिबद्धता र व्यवहार दुवै देखिएका छैनन्। सरकारका नीति भ्रष्टाचार रोक्नेतर्फ केन्द्रित भएनन्। उल्टै सरकार आफैं भ्रष्टाचार गर्नेतर्फ अग्रसर भएको छ। भ्रष्टाचार नियन्त्रणका गतिविधि पनि सानो आकारका अनियमिततामा मात्रै केन्द्रित छ। ठूला भ्रष्टाचारीहरू फुक्काफाल भए। व्यवस्थापिका र न्यायपालिकाले पनि भ्रष्टाचार रोक्ने तत्परता देखाएका छैनन् भने भ्रष्टाचार नियन्त्रणमा नागरिक सजगता पनि कम छ।

सूचकांकमा शून्यलाई सबैभन्दा भ्रष्ट र सयलाई भ्रष्टाचार नहुने मानिएको छ। दुईतिहाइभन्दा बढी (६८ प्रतिशत) मुलुकले ५० प्रतिशतभन्दा कम अंक पाएका छन्। ४३ प्रतिशतलाई औसत ग्लोबल स्कोर मानिएको छ। योभन्दा कम अंक पाउनेलाई भ्रष्टाचार व्याप्त भएको मुलुकका रूपमा दर्ज गरिएको छ।

सिपिआई २०२१ मा दक्षिण एसियाली राष्ट्रहरूमध्ये भुटान सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा छ। ६८ अंक प्राप्त गरी भुटान २५औं स्थानमा छ। माल्दिभ्स ४० अंकसहित ८५औं, भारत ४० अंकसहित ८५औं, श्रीलंका ३७ अंकसहित १०२औं स्थानमा छ। पाकिस्तान २८ अंकसहित १४० औं र बंगलादेश २६ अंकसहित १४७औं स्थानमा छ। सार्क राष्ट्रमध्ये सबैभन्दा कम भ्रष्टाचार भुटानमा रहेको ट्रान्स्परेन्सीले औंल्याएको छ। अफगानिस्तान १६ अंक प्राप्त गरी १७४औं स्थानमा छ।

पछिल्लो दशकमा १५४ देशको स्कोर बढ्न नसकेको वा भ्रष्टाचार नियन्त्रणमा केही प्रगति नभएको भन्दै ट्रान्स्परेन्सीले चिन्ता प्रकट गरेको छ। 'संसारभरि नै भ्रष्टाचार घट्न **बाँकी ८ पेजमा**

## उत्तर कोरियाद्वारा क्रुज क्षेप्यास्त्र प्रहार

काठमाडौं । कोभिड-१९ को महामारीसँगै केही समय शान्त रहेको उत्तर कोरियाले पछिल्लो समय क्षेप्यास्त्र प्रीक्षणलाई तीव्रता दिएको छ। दक्षिण कोरियाली समाचार संस्था योन्हापका अनुसार उत्तरले मंगलबार पुनः पूर्वी सागरमा दुईवटा क्रुज क्षेप्यास्त्र प्रहार गरेको छ। उत्तर कोरियाले **बाँकी ८ पेजमा**

## बतास समूहको सम्झौता फिर्ता

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री प्रेमबहादुर आलेले नेपाल-भारत मैत्री पशुपति धर्मशाला सञ्चालनको सम्झौता रद्द गर्ने निर्णय गरेका छन् । मन्त्रालयमा मङ्गलबार आयोजना गरिएको पत्रकार सम्मेलनमा मन्त्री आलेले बतास समूहले सञ्चालन गर्दै आएको सो धर्मशालाको **बाँकी ८ पेजमा**

## ओमिक्रोन पनि खतरा नै हो, लापरबाही नगरौं

● डा. रक्षा गौतम



मौसमी परिवर्तनले हुने रुघाखोकीका लक्षण भएका बिरामीहरूको चाप यतिबेला धेरै बढेको छ। गत दुई हप्तादेखि हाम्रो ओपिडीमा बिरामीको चाप तिन/चार गुणाले बढेको छ। एक जना फिजिसियनलाई नै धौधौ हुनेगरी बिरामी आइरहनुभएको छ। मौसमी परिवर्तनले हुने रुघाखोकी मात्रै नभएर अहिलेको यो कोभिड-१९ को बिरामीहरूको चाप पनि त्यसमै मिसिएर हामीले हेरिरहेका छौं दिनदिनै बढेको देखिराछौं ।

मौसमी परिवर्तनले हुने संक्रमण कमन कोल्ड (चीसोले हुने रुघाखोकी) हो, कमन कोल्डको बेसिक लक्षण छुट्याउने एकदम सजिलो तरिका भनेको ज्वरो हो । यो धेरै हुँदैन मौसमी परिवर्तनले हुने लक्षणहरूमा ज्वरो आउँदैन बिरामीहरूलाई । सामान्य जिउ दुख्ने, रुघाखोकी, रुघामर्की एक/दुई दिनमा आफैं ठिक भएर जाने, घरको एउटा सदस्यलाई भएको हुन्छ, प्रायः सबै सदस्यहरूलाई त्यस्तै लक्षण ट्रान्सफर भइराखेको हुन्छ। फ्लु भनेको चाहीँ जुन ओमिक्रोन, डेल्टा, कोभिड अथवा इन्फ्लुएन्जा हो । सबै फ्लुको फेमिलीमा पर्दछन् । हामीले इन्फ्लुयन्जा सुनिरहेको फ्लु हो । सिजनल फ्लु हरेक वर्ष हुन्थ्यो । सय वर्ष अघिदेखिको फ्लु हो यो । इन्फ्लुयन्जा र कोभिड फ्लु मा चाहीँ हामीले प्रायः ज्वरो पनि देख्छौं । ज्वरो आयो भने पक्कै पनि मलाई फ्लु भयो भनेर बुझ्नु पर्‍यो । फ्लुमा पनि इन्फ्लुयन्जा हो कि, कोभिड-१९ हो कि, कोभिड-१९ को डेल्टा हो कि, ओमिक्रोन हो कि त्यो छुट्याउन लक्षणकै आधारमा चाहीँ अलिकति गाह्रो छ । तर हामीले बिरामीको प्याटर्न हेर्दाखेरी चाहीँ फ्लु भएकाहरूलाई, इन्फ्लुयन्जा भएकाहरूलाई ज्वरो, रुघाखोकी, टाउको दुख्ने, आँखाको पछाडीको भाग दुख्ने, जिउ दुख्ने, झाडापखला लाग्ने, प्रायः बास्ना र स्वाद जाने त्यस्तो लक्षणचाहीँ कोभिडमा मात्रै देखिरहेको छ । बास्ना र स्वाद पनि गएको हामीले यसपालि पाएका छौं । र अहिले ओमिक्रोनको कुरा गर्दा त्यही




लक्षणहरूमा प्लस, माइनस तथा घाँटी दुख्ने लक्षणहरू अलि बढी हामीले ओपिडीमा पाइरहेका छौं । घाँटी एकदमै दुख्यो भनेर आउनुहुन्छ । टन्सिल नै भयो भनेर आउनुहुन्छ, तर हामीले हेर्दाखेरी यो पिक सिजन भइराखेको छ कोभिडको, हामीले बिरामीहरूलाई हेर्दाखेरी पिसिआर गर्दा पोजेटिभ आइराखेको छ । तर अब घाँटी दुख्दैमा, ज्वरो आउँदैमा, रुघामर्की लाग्दैमा यही ओमिक्रोन हो, यही डेल्टा हो, बास्ना र स्वाद छैन यो डेल्टा हो । बास्ना र स्वाद छ यो इन्फ्युयन्जा हो भनेर हामीले क्लिनिकली छुट्याउन सकिँदैन । पिसिआर गर्नैपर्छ ।

मौसमी परिवर्तनले हुने कमन कोल्ड, जुनमा ज्वरो हुँदैन, त्यो सामान्य घरमा पाइने पारासिटामोल जस्ता औषधिहरू प्रयोग गरेर, पहिलेदेखि चलिआएका चलनहरू मन तातो पानी खाने, पानीको मात्रा शरीरमा बढाउने, आराम गर्ने, धपेडी नगर्ने, चिसोमा नहिँड्ने त्योचाहीँ मौसमी कमन कोल्डलाई त्यतिले नै पुग्छ । खासै डाक्टरकोमा गइहाल्नु पर्दैन कमन कोल्ड हुँदाखेरी ओपिडीमा धाउनु पर्दैन । जहाँ ज्वरो हुँदैन बिरामीलाई । जब ज्वरो आउन थाल्छ नि ज्वरो आएपछि यो फ्लुमा जान्छ । फ्लु भन्ने बित्तिकै मौसमी परिवर्तनले हुने कमन कोल्ड फरक कुरा हो । फ्लु भनेको भाइरसले गर्दा हुने हो । फ्लुमा चाहीँ ज्वरो पनि आउँछ । दुई/तीन दिन ज्वरो आउँछ । प्रायः हामीले प्याटर्न हेर्दाखेरी बिरामीलाई तीन दिनसम्म ज्वरो **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# सम्पादकीय

## स्थानीय निर्वाचन पर धकेल्ने रणनीति

स्थानीय तह निर्वाचनको सुनिश्चितताबारे प्रश्न उठिरहेका छन् । स्थानीय निर्वाचन ऐनमा स्थानीय निकायलाई पदाधिकारीविहीन बनाउन पनि नपाइने यसको तिथिमिति तलमाथि गर्न नपाइने उल्लेख भएकाले यो विषय निकै पेचिलो बनेर उभिएको छ । फेरि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको महत्वपूर्ण आधार नै स्थानीय तह हो । स्थानीय तहलाई सरकारले कुनै पनि अवस्थामा पदाधिकारीविहीन बनाउन हुन्न । यदि यसो गरिए त्यो लोकतन्त्रको उपहास हुन्छ । नेपालको संविधानमा स्थानीय तह पदाधिकारीको कार्यकाल पाँच वर्षको हुने र कार्यकाल सकिएको ६ महिनापछि निर्वाचन गर्नुपर्ने व्यवस्था छ ।

स्थानीय तह निर्वाचन ऐनमा भने पदाधिकारीको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि निर्वाचन गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह निर्वाचन गराउन संविधान र कानुनका प्रावधानका हिसाबले समस्या हुन सक्दैन । पदाधिकारीको कार्यकाल पाँच वर्ष हुन सक्छ तर त्योभन्दा बढी समयसम्म पदमा बसिरहने अधिकार तिनलाई हुँदैन । त्यसका लागि कानुनमा व्यवस्था भएअनुसार दुई महिनाअगावै निर्वाचन गर्न सकिन्छ । अघिल्ला पदाधिकारीको कार्यकाल नसकिएको अवस्थामा पनि नयाँ पदाधिकारीका लागि निर्वाचन हुन सक्छ । पहिल्यै निर्वाचन हुने हो भने पुराना पदाधिकारीको कार्यकाल समाप्त हुनासाथ नयाँले गएर जिम्मेवारी लिन पाउँछन् । अमेरिकी राष्ट्रपति निर्वाचनलाई उदाहरणका रूपमा लिन सकिन्छ । नोभेम्बर ३ मा निर्वाचन भएपछि जनवरी २० मा मात्र नवनिर्वाचित राष्ट्रपतिको कार्यकाल सुरू हुन्छ । स्थानीय तह सरकारको संस्थागत विकास गर्ने हो भने कार्यकाल समाप्त हुनुअघि नै नयाँ पदाधिकारी निर्वाचित भएर आउनुपर्छ । स्थानीय सरकार खाली हुने परिकल्पना गरिएको हुँदैन । पदाधिकारीको कार्यकाल सकिएको ६ महिनापछि निर्वाचन गर्ने भन्ने व्यवस्था संविधानमा गरिएकाले यसमा संशोधन गरिनु आवश्यक देखिन्छ । संविधानका प्रावधान हेरेर कानुनको व्यवस्था गरिएको हुनुपर्छ ।

स्थानीय तह निर्वाचन गर्न सत्तारूढ गठबन्धनले तयार रहेको सन्देश प्रवाहित गरे पनि अझै यसमा प्रस्ट हुन नसकेको देखिन्छ । सरकारमा सहभागी राजनीतिक दल निर्वाचन समयमै गर्ने भन्दा पनि कुन तहको निर्वाचन अगाडि वा पछाडि गर्दा आफू र आफ्नो दललाई फाइदा हुन्छ भन्ने स्वार्थले ग्रसित देखिएका छन् । जसका कारण नियमित र आवधिक रूपमा हुनुपर्ने निर्वाचन पनि विवादको विषय बन्न थालेको देखिँदैछ । सरकारले हरेक तहका सरकारका निर्वाचनका लागि निर्माण गरिएका र यस अघिको निर्वाचनमा कार्यान्वयनमा आइसकेका आआफ्ना ऐन र नियमावलीअनुसार निर्णय लिनुको विकल्प छैन । यसका लागि सरकारले स्थानीय तहको निर्वाचन गराउनैपर्छ । त्यसपछि मात्र एक वर्षभित्र संसदीय तथा प्रादेशिक सरकारको निर्वाचन सम्पन्न गर्नुपर्ने हुन्छ । तर सत्ता साझेदारका गठबन्धन दलले स्थानीय वैशाखमा गर्न नसकिने निर्णय गरेसँगै स्थानीय तह तरंगित बनेको छ । सत्ता गठबन्धन स्थानीय निर्वाचन ऐन संशोधन गर्न एकमत देखिएको छ । संसदमा प्रतिपक्ष दल एमालेको अवरोध कायमै रहेकाले अध्यादेशमार्फत कानुन संशोधन गर्न सरकारले संसद अधिवेशन नै अन्त्य गर्ने आँकलन गर्न थालिएको छ ।

निर्वाचन आयोगले यथाशीघ्र स्थानीय तह निर्वाचनको मिति तोक्न सरकारसँग आग्रह गरेको छ । आयोगले एक विज्ञप्ति जारी गरी निर्वाचनको मिति तोक्न जति विलम्ब हुँदै जान्छ त्यति नै निर्वाचन व्यवस्थापन कार्य व्यावहारिक एवं प्राविधिक कारणले जटिल बन्दै जाने भन्दै सरकारलाई यथाशीघ्र मिति तोक्न आग्रह गरेको हो । २०७९ वैशाख मसान्तभित्र स्थानीय तह निर्वाचन सम्पन्न गर्न आयोग तयारी अवस्थामा रहेको पनि निर्वाचन आयोगले जनाएको छ । सरकार र गठबन्धन दल भने आयोगले भनेअनुसार वैशाखमा निर्वाचन गर्न तत्काल मिति घोषणा नगरी ऐन संशोधन गरेर स्थानीय तह निर्वाचन पर धकेल्ने रणनीतिमा लागेका छन् । नियमित निर्वाचन लोकतन्त्रको प्राण हो भन्ने कुरा सरकारले बुझ्न जरुरी छ ।

# Ipso facto null and void भनेको के होला?



### सुरेन्द्र ढकाल

यस पंक्तिका लेखकले नेपालबाट Merit सहित इतिहासमा स्नातकोत्तर, Diploma in Public Administration, इटलीबाट Doctorate of Specialization in Organization and Management र जर्मनीबाट Master in Adminstrative Sciences भन्ने डिग्रीहरू हासिल गर्ने क्रममा संवैधानिक कानुनको विकासको इतिहास र प्रशासनिक कानुनहरू पढेको छ । माथि शीर्षकमा भनिएको *Ipso facto null and void* को नेपालीमा अर्थ लगाउँदा 'बाझिएको हदसम्म स्वतः (उत्तिनखेरै) खारेज र निस्कृय' भनेको जस्तो लाग्छ मलाई ।

संविधान भनेको मूल कानुन हो तर सबै कुरा संविधानमा उल्लेख गरेर साध्य हुँदैन । त्यसैले संविधानमा भएको व्यवस्थालाई प्रक्रियामा ल्याई सहज रुपबाट कार्यान्वयन गर्नका लागि ऐन कानुन, नियम र नियमावली (Laws, Rules and Regulations) बनाइन्छ । यसरी बनाउँदा संविधानसँग बाझिने गरी बनाउन मिल्दैन र बाझिएमा त्यस्ता ऐन कानुन, नियम र नियमावलीहरू बाझिएको हदसम्म स्वतः खारेज हुन्छन । अहिले नेपालमा स्थानीय चुनाव गर्ने विषयमा संविधानमा भएको व्यवस्था मान्ने कि ऐन कानुनमा भएको व्यवस्था मान्ने भनेर अनाहक विवाद गरिँदै छ । त्यसको कुनै तुक छैन । संविधानको सर्वोच्चता हुन्छ भन्ने कुरा नजान्ने नेता, राजनीतिक दल र तिनका झोले कर्मचारीहरू पनि हुँदारहेछन् भनेर लेख्नुपर्दा यस पंक्तिका लेखकलाई लाज लागिरहेको छ । हुन त नेता बनाउने मतदाताहरू हुन् । मतदाताहरू सचेत र कर्मचारीहरू स्वाभीमानी भएको देशमा मात्रै प्रजातन्त्र फस्टाउँछ होइन भने विकृति निम्त्याउँछ भन्ने कुरा अहिले नेपालले उदाहरण पेश गरिरहेको छ ।

संविधानमा व्यवस्था हुँदाहुँदै त्यसको विपरीत गएर कार्य गर्दा केपी ओलीले गरेको दुईचोटिको संसद विघटन निस्क्रिय र खारेज *(Null and Void)* हुन पुग्यो । कुनै कुरा संविधानमा व्यवस्था गरिएको छैन तर व्यवहारमा पर्न आयो भने त्यस विषयउपर संवैधानिक अदालतले जे ठहर (नजिर वा Precedence) गर्छ त्यही नै कानुन बन्छ ।

अर्को कुरा यदि कुनै संविधानले जनताको विद्रोह गर्न पाउने अधिकार (Right to Revolt) लाई बन्देज लगाउन खोज्यो भने त्यो संविधान कालान्तरमा जनआक्रोसद्वारा विस्थापित हुन्छ भन्ने कुरा पनि नेपालकै राजनीतिक इतिहासले प्रमाणित गरेको छ । उदाहरण लिने हो भने २०१९ को संविधानलाई लिउँ । यसले देशमा निर्दलीय व्यवस्था लादेको थियो । राजनीतिक दलहरूमाथि प्रतिबन्ध थियो । यसलाई २०४६ को जनआन्दोलनले खारेज गरिदियो । त्यस्तै २०४७ को संविधानले संवैधानिक राजतन्त्र अपरिवर्तनीय भनी राजतन्त्रको विरुद्ध आन्दोलन गर्न निषेध गरेको थियो । त्यसलाई पनि ६२।६३ को आन्दोलनले खारेज गऱ्यो । जनताको विद्रोह गर्न पाउने अधिकारको पक्षमा निर्णय गरेको हुँदा संविधानमा व्यवस्था नै नभएको संसदको पुनःस्थापना भएको देश पनि नेपाल नै हो । त्यसकारण जुन संविधानले जनताको विद्रोह गर्न पाउने अधिकारलाई मान्दैन त्यो कालान्तरमा जन विद्रोहको सिकार हुन्छ नै ।




संविधानमा भएको व्यवस्था निस्क्रिय हुने अवस्था पनि कहिलेकाहीँ आउँछ । त्यो भनेको देशले कुनै महासन्धि (International Convention) मा हस्ताक्षर गऱ्यो र त्यस महासन्धिमा व्यवस्था भएको कुरा देशको संविधानसँग बाझिन गयो भने त्यो बेला त्यस्तो संवैधानिक व्यवस्था *Null and Void* हुन पुग्छ । त्यसको पनि उदाहरण नेपालमा छ । नेपालले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेको छ । सो महासन्धिअनुरुप १८ वर्ष नपुगेकाहरूलाई बालबालिका भनेर परिभाषित गरिएको छ तर नेपालको तत्कालिन संविधान र कानुनले १६ वर्ष नपुगेकालाई मात्र बालबालिका भनेर परिभाषा गर्दा सो कारण उठेको विवादलाई निरुपण गर्ने क्रममा सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय महासन्धिअनुरुप हुनुपर्छ भन्दै नेपालको संविधान र ऐन कानुनमा भएको १६ वर्षको ब्यवस्थालाई *Null and Void* गरेको थियो ।

तसर्थ अहिले नेपालमा जुन विवाद सुरु गरिएको छ त्यो पटमूर्खताको प्रस्तुतिबाहेक अरु केही होइन । यस्तो विवाद निम्त्याउनुले नेपालका मतदाता र नेता अनि कर्मचारी भनाउँदाहरू प्रजातान्त्रिक व्यवस्थाका लागि अयोग्य पात्र सावित हुन पुगेका छन् । यस्तै भएर होला राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्था खारेज गरेको ।

# चुनावको वातावरण बनाउनु आजको आवश्यकता



### गोविन्द विक

स्थानीय चुनाव नजिकिँदै गर्दा गठबन्धन सरकारका दलहरू चुनाव धकेल्ने धाउन्नमा लागेका छन् । नियमित रुपमा संसद अवरोध गरेर प्रमुख प्रतिपक्ष दल एमालेले अराजनीतिक चरित्र देखाइरहेको परिप्रेक्ष्यमा सत्ता साझेदार दलहरू पहिला संसदीय चुनाव गराउने पक्षमा देखिँदैछन् ।

अहिलेको परिवेशलाई हेर्ने हो भने स्थानीय तहमा प्रमुख प्रतिपक्ष दलको उपस्थिति बलियो छ । यसकारण पनि प्रमुख प्रतिपक्ष दल एमाले ऐनमा व्यवस्था भएबमोजिम नै स्थानीय तहको चुनाव गराउनका लागि सत्ता रुढ दललाई दबाब दिइरहेको अवस्था हो ।

संविधानको धारा २२५ मा गाउँसभा र नगरसभाको कार्यकाल समाप्त भएको ५ महिनाभित्र निर्वाचन गर्नुपर्ने व्यवस्था रहेको छ । यता स्थानीय तह निर्वाचन ऐन २०७३ मा हेर्ने हो भने स्थानीय तहका सदस्यको निर्वाचन गाउँसभा वा नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि निर्वाचन गर्नुपर्ने व्यवस्था छ । संविधान र कानुनको व्यवस्था बाझिएपछि दलहरूलाई निर्वाचन धकेल्ने वहाना राम्रै बन्दै गइरहेको छ ।

देशको मूल कानुन भनेको संविधान हो । संविधानको आधारमा नै ऐन तथा नियमावली बन्ने हुनाले दलहरू एक ठाउँमा आएर संविधानअनुसार नै ऐनलाई संशोधन गरी संविधानअनुसार नै निर्वाचन गर्न सकिने कुरा पनि संविधानविदहरूले बताइ नै रहेका छन् । सत्तापक्ष प्रतिपक्ष एक अर्कालाई दोष देखाएर मुलुकमा राजनीतिक अस्थिरता निम्त्याउने मार्गमा लाग्नुभन्दा पनि सत्तापक्ष र प्रमुख प्रतिपक्ष दलबीचको दूरी नजिक बनाउनु अहिलेको पहिलो दायित्व हो ।

प्रमुख प्रतिपक्ष एमाले पनि सधैं गैरजिम्मेवार भैरहने हो भने आगामी चुनावमा जनतालाई कसरी विश्वास गर्ने ? कानुन बनाउन, ऐन संसोधन गर्न संसदको नियमित बैठक सुचारु हुनुपर्ने हुन्छ । संसदै चल्न नदिएपछि कसरी कानुन निर्माणका कुराहरू अगाडि बढाउने ? प्रमुख प्रतिपक्ष दलको यही राजनीतिक आक्रोस रहिरहने हो भने सत्ता रुढ दलहरूलाई पनि चुनाव सार्ने वहाना गतिलो हुन सक्छ र मुलुकमा जनप्रतिनिधिविहिनताको अवस्था नआउला भन्न सकिन्न ।

नेपालको संविधान २०७२ ले स्थानीय तहमा जनप्रतिनिधिहरूको रिक्तताको परिकल्पना गरेको छैन । जसरी पनि समयमा चुनाव गराउनुपर्ने बाध्यकारी कानुनी व्यवस्थालाई दलभित्रको आवेगमा निस्क्रिय पार्ने अधिकार दलका नेताहरूलाई छैन । स्थानीय तहको चुनाव भनेको दलहरूको मिनि परीक्षण गर्ने आधार पनि हो । साँच्चै अहिलेका दलहरू जनसापेक्ष शासनमा विश्वास गर्छन् भने त्यसको परीक्षण गर्ने आधार पनि चुनाव नै भएको हुनाले चुनाव गराउन सत्तापक्ष प्रतिपक्ष कुनै पनि दल बाधक बन्नु हुँदैन ।

स्थानीय चुनावको विषयलाई लिएर अहिले सत्तापक्ष र प्रतिपक्षको दूरी निकै टाढिएको अवस्था छ । नियमित रुपमा संसद अवरोध गरेपछि सत्तारुढ दलहरू एमालेप्रति रुष्ट बन्दै गइरहेका छन् भने चुनाव नगराई चुनावको मिति पछाडि धकेलेर निरंकुश लादन सत्तारुढ दलहरू अगाडि बढ्न खोजेको भन्ने आक्रोस प्रमुख प्रतिपक्ष दलको छ । आफ्नो पक्षमा मत नआउने हो कि भन्ने मनोविज्ञानले सत्तारुढ दललाई चुनावको डर भएको हुन सक्ने अनुमान गर्न कठिन छैन ।

राजनीतिक दलहरूको आपसी द्वन्द्व एक अर्कालाई निषेध गरेर अगाडि बढ्ने अभ्यास मौलाउँदै गएको हुनाले राजनीतिक इमानदारीको खडेरी लाग्न थालेको छ । नेपाली कांग्रेसभित्र पनि चुनावलाई लिएर दुईथरी विचारहरू आउन थालेका छन् । आफ्नै दलमा चुनावको कुरामा खन्डीकरण हुने अवस्था आयो भने अस्थिरता पैदा हुन सक्छ । राजनीतिक दलहरूमा राजनीतिक इमानदरी शून्यतातिर जान थालेपछि शीर्ष नेतृत्व पनि अराजगतातिर जाने कुराको संकेत प्रवल देखिँदैछ । एकले अर्कोलाई दोष देखाउने प्रवृत्ति तिब्र हुने कुरामा कुनै शंका नै रहँदैन । त्यसकारण सत्तापक्ष र प्रतिपक्ष सबै दलहरू जिम्मेवार भएर जनताका अगाडि प्रस्तुत हुन जरुरी छ ।

बहुदलीय व्यवस्थाका शासन सञ्चालनको पहिलो हकदार भनेको नै राजनीतिक दल हो । जनमतका आधारमा सत्ताको बाग्डोर सम्हाल्ने र मुलुकमा जनसापेक्ष सुशासन विकास समृद्धिको यात्रामा गोलबन्द गराउने हो । यसकारण सत्तापक्ष प्रतिपक्ष सबै दलहरू एक ठाउँमा उभिएर चुनावको वातावरण बनाउनु अहिलेको आवश्यकता हो ।

# बले नेपाली र खड्ग ओली

### सुदर्शन प्रधान

ऐतिहासिक नगरी तथा नेपालको एक पर्यटकिय गन्तव्य बन्दिपुर देखि ३ कि.मी. पश्चिम दिशातिर पर्ने एक गाउँमा बले नेपाली नाउँको एक धामी बस्छ । कुराकानी गर्न ऊ पनि ओली जस्तै चतुर छ । उनको उचाई खडक ओली जत्तिकै पुड्को छ । फरक चाहिँ यिनको एउटा आँखा छैन त ओलीको जीउ भित्र चार वटा मृगौला छ । गाउँ वरपरको एक झुटो बोल्ने र ठग्ने काठ मिस्थीरीको रुपमा परिचित छ । यसबारे ठोस प्रमाणहरू छन् । तर गाउँदेखि टाढा टाढा चाहिँ ऊ एक बेजोडको धामीको रुपमा चिनिन्छ । यही गएको कार्तिक महिनाको अन्ततिर काम विशेषले मैले उनको मोबाईलमा फोन गरें 'बले ! कता छौ ?'

'म त पूर्वी पाल्पा छु' बले नेपालीले भने 'अब केहि दिन पछि स्याङ्जा जान्छु त्यहाँबाट तानसेन पुग्छु अनि मंसिरको सुरुतिर घर फर्कन्छु ...।'

'के कामले गएको ? थुप्रै दिन भुल्यौ त' मैले भने ।

'औषधी गर्न, तपाईलाई थाहा छैन र ? म यहाँ पहिला पनि आएको थिएँ, माग हुन्छ आउनै पऱ्यो...' बलेले मोबाईलमा भन्यो ।

गएको वर्षाताका पनि ऊ पूर्वी पाल्पामा गएको थियो, '३० हजार रुपैयाँ कमाए भन्थ्यो' त्यसबेला ।' गरिब जनताको भाले काट्ने, कालो बोको खोज्ने काम चाहिँ नगर फटाहा ... तेरै छ दिन मस्तीको...' मैले आफ्नो मोबाईलबाट भने । मेरो अभिप्राय चाहिँ त्यहाँ अरुले पनि मेरो शब्दहरू सुनुन भन्ने थियो ।

'खै मैले त क्यै सुनिन, काम के हो ? घर आएर भेट्न आउँछु...' बलेले क्यै कुरा गर्न चाहेन र मोबाईल बन्द गऱ्यो । बलेले यता गाउँघर तिर पनि रुढीबादि अन्धविश्वासी मान्छेहरूलाई प्रभावमा पारेर एकैदिन चारवटा भाले पनि ल्याउछ र वरपर टोलको मान्छेहरूलाई बाँड्छ भन्ने सुनेको थिएँ । क्यै परेमा जनसमर्थन जुटाउने उनको त्यो काईदा हो । एकदिन आफ्नो काम गर्न आउदा उनलाई मैले सोधे 'बले ! 'सग्लो जीउ भित्र कति वटा हड्डी हुन्छ, थाहा छ ?'

'थाहा छैन'

'अनि कलेजो, फियो, ठूलो आन्द्रा, सानो आन्द्रा, पित्त, मुटु, फोक्सोले कसरी काम गर्छ, के गर्छ, थाहा छ ?'

'अहँ थाहा छैन, पढेकै छैन, का बाट थाहा पाउने र' बलेले हाँस्दै जवाफमा भन्यो ।

'अनि तिमी त दुनियाको औषधी उपचार गर्दै हिड्ने रहेछौ । कसरी के गर्छौ त ?' मैले प्रश्न तेर्स्याएँ ।

'त्यो त मेरो उपचार झारफुक हो,' बलेले भन्दै गयो । 'रुद्राक्षीको माला लगायो, घण्टी बजायो, ढ्याङ्ग्रो ठटायो, मन्त्रहरू जप्यो बस अन्धकार रातमा मान्छेहरू थुरुरु हुन्छ... भुतप्रेत बोक्सीहरू सबै भाग्छ । बिरामीलाई चट हुन्छ...'

जुन मान्छेलाई मानव शरिर संरचना, आन्तरिक अवयबहरू र रोगहरू र आधुनिक उपचारबारे फुटेको कौडी थाहा छैन त्यही मान्छे अन्धविश्वासी मान्छेहरूका बीचमा महान उपचारक भएर हिडिंरहेछ, निस्फीक्रि । उनी ठग बाहेक क्यै हैन किनकि भूतप्रेत ख्याक किचकन्नी भन्ने कुराहरू नै झुटो हुन् । जुन झुट कुराहरूमा विश्वास गर्ने मानिसहरूलाई मात्र तिनले सताउछ । अनि बलेजस्तो धामीहरू महान डाक्टर बन्छन् । एकदिन बलेले मोबाईलमा केहि गुनगुनाईरहेको थियो ।

'बले ! के गरेको ?' मैले सोधे ।

'मन्त्र गरेको जपेको... एक जनाको ढाड सड्कीएछ' बलेले जवाफमा भन्यो ।

स्वर्ग र नर्क, पचभैया र मुर्कुट्टाहरू माथि आस्था र विश्वास गर्ने जनमानषहरूमाझ बले नेपाली जस्ता धामीहरू लोकप्रिय हुन्छ । दुरुस्तै देश र जनताको उज्वल भविष्यलाई घात गर्ने संगठनको पद्धति र अनुशासनलाई बेवास्ता र निजी र निहित स्वार्थमा लिप्त मान्छेहरूका बीचमा एमालेका नेता खडक ओली पनि हाई हाई हुन्छ ।

झण्डै दुई हप्ता अघि ओलीले एक कार्यक्रममा भने 'यदि एमाले पार्टी नभएको भए १७ साल दोहोरिन्थ्यो, एमालेको शक्तिले मात्र त्यस्तो घटना रोकिएको हो ...'

खडक ओलीले २०७७ पौष र २०७८ जेष्ठ ...मा संसद विघटन गर्दा दुवै पाली के.पी.को कदमको समर्थन गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कमल थापा मात्र हुन् । दोस्रो संविधान सभाको चुनावमा खडक ओलीको निर्वाचन क्षेत्र झापा जिल्लामा रा.प्र.पा. को १५ हजार भोटको आधारमा जितेका थिए । नेपालमा राजतन्त्र र हिन्दु राज्य बन्न पर्छ भन्ने एक मात्र पार्टी रा.प्र.पा. मात्र हुन् । जुन पार्टीसँग आगामी स्थानिय र प्रदेश संघिय निर्वाचनमा खडक ओली नेतृत्वको नेकपा एमाले र कमल थापा नेतृत्वको रा.प्र.पा. को बीचमा गठबन्धन बन्ने प्रबल सम्भावना छ ।

खडक ओलीले भनेको २०१७ सालको घटना दोहोऱ्याउन खोज्ने को हो ? विभिन्न घटनाक्रम र उपघटनाहरूले स्पष्ट पार्छ कि त्यो हर्कत गर्न खोज्ने उनी स्वयम हुन् । आफूले गर्न खोजेको त्यो अपराधपूर्ण घटना अरुको टाउकोमा टासेर उनी स्वयम चोखो बन्न खोजेका मात्र हुन् । 'कागको नाम कागले स्वयम काट्छ' भन्ने जनबोली छ । यो कुरा खडक ओलीलाई पुरै लागु हुन्छ ।

*५ मंसिर २०७८*

# मैले देखेको १९३ औं विश्व पर्यटकीय स्थल

# निसको पुरानो शहर (Old Town) र क्याथेड्रल

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा निसको क्याथेड्रल घन्टाघरसहित



भित्रबाट हेर्दा क्याथेड्रलको (Chapel) (गजुर)




क्याथेड्रलको कलाले भरिपूर्ण भित्री भाग

मार्सेबाट निस पुग्न हामीलाई ३ घण्टा जति लाग्यो। करिब ५ बजेतिर हामी निस पुग्यौं। गृष्म महिनाको लामो दिन भएको कारण ५ बज्दा पनि उज्यालै थियो। त्यहाँको अवलोकन गर्नैपर्ने भनेको **Old Town** र त्यहाँ रहेको क्याथेड्रल भन्ने थाहा पाएपछि हामी दुबै त्यतातर्फ लाग्यौं।

**निसको पुरानो शहर (Old Town)**

समुद्रको किनारमा साँघुरो गल्लीमा बनेका फ्ल्याटहरू भएका अग्ला पुराना शैलीका घरहरू अनि ती अग्ला घरहरूको छायाँ बिहानदेखि बेलुकासम्म गल्लीमा पर्दा दिनभर अँध्यारोजस्तो देखिने निसको **Old Town** ज्यादै मनमोहक रहेछ।

ती घरहरूका भुइँतलामा रेष्टुराँ, स्थानीय कलाकर्मीका ग्यालेरीदेखि खाद्यान्न, फलफूल र मसला, चिया, कफी, मिठाई, पेस्ट्री, लुगालगायत नपाइने भनेको केही पनि नभएको जस्तो भान हुने आदि वस्तुका पसलहरू रहेछन्।

हस्तकला, गहना अनि श्रृंगारको सामग्रीको लागि त ती गल्ली विश्वविख्यात नै रहेछन्। फ्रान्स समुद्री किनारबाट दक्षिणमा अवस्थित यो सहर उत्तरमा पाइलोन नदीसम्म तन्किएको रहेछ। यो नदी सहरको भित्री भाग हुँदै बगेको रहेछ।

यस सहरको केन्द्र भनेको जर्ज पम्पिडो नामक हरियो खुला ठाउँ Esplanade रहेछ। त्यहाँ सिन्काजस्तो देखिने एक अग्लो मूर्ति रहेछ जुन निस सहर फ्रान्समा गाभिएको १५० वर्षगाँठको द्योतक रहेछ।

त्यहाँको गल्लीको सन् १८२० देखिको एक पसलमा बेलायतकी महारानी भिक्टोरियाले आफूलाई मिठो लाग्ने चकलेट किनेर खाएकी पनि रहिछन्। यी कुराहरू अवलोकन गर्दै अन्त्यमा हामी सेन्ट रेपारातको क्याथेड्रल रहेको रोस्सेत्ती स्क्वायर आइपुग्यौं। त्यहाँ हाम्रो असनको जस्तै जुन बेला पनि भीड हुनेरहेछ। हामी भीड छिचोल्दै क्याथेड्रलको अगाडि पुग्यौं।

**क्याथेड्रल**

यस क्याथेड्रललाई फ्रेन्च भाषामा Basilique-Cathédrale Sainte-Marie et Sainte-Réparate de Nice भनिँदो रहेछ। यो विशप (Diocese) स्तरको वासिलिका रहेछ। यसको निर्माण सन् १६५० मा सुरु भई सन् १६८५ मा सम्पन्न भएको रहेछ। पछि सन् १६९९ मा त्यहाँ नयाँ संरचनाहरू थपिन पुगेछ जसले सन् १९४९ सम्म निरन्तरता पाएको रहेछ।

भर्जिन मेरीप्रति समर्पित यो वासिलिका सन् १९०६ देखि फ्रान्सको राष्ट्रिय ऐतिहासिक स्मारकको सूचीमा परेको रहेछ। खास यो वासिलिका भएको स्थानमा सन् १०४९ तिर नै सेन्ट मेरीको दरबारको वास्तुपूजा भएको र सन् १०७५मा सेन्ट रेपारातापति समर्पण गर्दै एक गजुर (Chapel) निर्माण भएको थियो रे भनेको आधारमा यस वासिलिकाको नाम सेन्ट रेपाराता राखिएको रहेछ।

यस वासिलिका परिसरमा रहेको घण्टाघर सन् १७३१ र १७५७ को बीचमा बनेको रहेछ। यस परिसरमा निर्माण भएको पछिल्लो संरचना भनेको सन् १९०० का नयाँ गजुरहरू (Chapel) रहेछन्। उत्तरतर्फ मोहडा भएको चारकुने यस वासिलिका रोमको शान्ता सुसानाकै मोडेलमा बनेको बताइँदो रहेछ। वारोक वास्तुशैली, गेनोभा रंग शैलीमा बनेको यो वासिलिका बन्दै जाँदा मौलिक डिजाइनमा परिवर्तन हुँदै गएको बताइँदो रहेछ।



क्याथेड्रल रहेको रोस्सेती स्क्वायर र त्यहाँको भीडभाड



जर्ज पम्पिडो खुला स्थल Esplanade र त्यहाँ रहेको सिन्काजस्तो देखिने मूर्ति



सहरको भित्री भाग हुँदै बग्ने पाइलोन नदी

यस वासिलिकाको भित्री भाग दश गोलाकार गजुर (Chapel) हरू रहेछन् जुन झुण्डयाइएको अवस्थाको क्राइस्ट (Crucifixion) प्रति समर्पित रहेछ। वासिलिका भित्रको मञ्च (Alter) को माथि *Glory of Saint Reparata* भन्ने तस्बिर झुण्डयाइएको रहेछ। यस वासिलिकाभित्र तीनवटा संगीत यन्त्र (Organs) रहेछन्। करिब आधा घण्टाजति यस क्याथेड्रलभित्र बिताई हामी रेल्वे स्टेसन फर्की रेलबाटै मोनको हुँदै रातको १२ बजे इटली र फ्रान्सको सीमामा रहेको भेन्तिमिग्ल्याँ भन्ने इटलियन सहर आइपुग्यौं।



घाम नछिर्ने निस सहरको गल्ली

# इतिहासको कठघरामा केपी ओली-२



खगेन्द्र ढकाल

**विप्लव र सिके राउत**

केपी ओली सरकार गठन भए बखत नेपाली सेनाले तत्कालिन अवस्थामा सुरक्षाका दुईवटा प्रमुख चुनौति औंल्याईदिए; विप्लव र सि.के. राउत। माओवादी द्वन्दले करिब डेढ दशक थिल्थिलो पारेको देशलाई विप्लवको नेतृत्वमा फेरी अर्को ससस्त्र युद्धको कालो बादल मडारिन लागेको संकेत देखिन थालेका थियो। यसैबिच ओली सरकारले विप्लवको पार्टीलाई प्रतिवन्धित गरी धरपकड र मुद्दा समेत चलाई कारवाही सुरु गर्यो। त्यसको परिणामस्वरुप विप्लवको आतंकबाट मुलुकले मुक्ति पाएको महसुस भइरहेको छ। यसै विच ओली सरकाले सि.के. राउत सँग वार्ता गरी उनी लगायत उनका समर्थकहरुलाई मुक्त गरिदिने घोषणा गर्यो। विखण्डनकारी नेतालाई छुटाएर राष्ट्रघाती काम गरेको भनि विरोधका स्वर सर्वत्र फैलिरहँदा पनि दृढ भई लिएको कदम सही भएको आजसम्मको क्रियाकलापबाट प्रष्ट भइसकेको छ।

विखण्डनकारीको पगरी गुथेर शंकाको घेरामा रहेका सि.के राउत लोकतन्त्रको मूल प्रवाहमा अघि बढेको देखिएका छन्। २०५२ मा सुरु गरेको माओवादी सशस्त्र छापामार युद्ध २०६३ को शान्ती सम्झौता पश्चात साम्य भए पनि कोब्रा समूह गोइत समूह ई नाममा तराईमा अशान्ती व्याप्त थियो। विखण्डनकारी एवम् आतंककारी मधेशी शक्ति हावी भएका जिल्लाहरूमा पहाडी मुलका नेपाली प्रवेश गर्न नसक्ने स्थिती विद्यमान भएको अवस्थामा विप्लव प्रति कठोर र सि.के. राउत प्रति नरम हुने चुनौतिपूर्ण नितिहरू अवलम्बन गरे पश्चात मात्र पहाड तथा मधेशका जनताले वास्तविक शान्तीको अनुभुती गर्न थालेका छन्।

**अन्तराष्ट्रिय सिमा सुरक्षा**

नेपालको सिमाना पूर्व, दक्षिण र पश्चिममा भारतसँग जोडिएको छ। दुई देशको सिमा छुट्याउने खम्वाहरूको सुरक्षा राम्रो हुन नसकेका कारणले तोडफोड हुने र रातारात स्थानान्तर भइरहेको समाचार बारम्बार आइरहन्छन्। भारतिय प्रहरी, बोर्डर सेक्युरिटी पुलिस (BSP) ले नेपालको सीमा भित्र प्रवेश गरी नेपालीहरूलाई कुटपिट, ज्यादति र आतंकित गर्ने काम बारम्बार भइरहको छ। यस सन्दर्भमा नेपालको भूमी र नेपाली जनताको सुरक्षको लागि ओलि सरकारले सिमा सुरक्षार्थ वि.ओ.पी. (Boarder Observation Post) थप गरी ३०० पुऱ्याउने निर्णय गर्यो। महाकालीको छाड्रु देखि मेचीको सिमा सम्म थप वि.ओ.पि. स्थापना गर्ने कार्यले स्थानिय सीमा क्षेत्रका बासिन्दाको मनोवल बढाउने कार्य भएको छ। त्यसै गरी नेपाल र चीन विच मा समेत आवश्यक स्थानमा वि.ओ.पि. स्थापना गर्ने निर्णय गरेको थियो।

**क्लिन फिड नीति**

नेपालमा रेडियो, टिभी लगायत सम्पूर्ण मिडिया मार्फत भारतिय उत्पादनका विज्ञापनको बेरोकटोक र बेहिसाब प्रसारण भइरहेका थिए। नेपालले भारतिय मिडियामा नेपालको विज्ञापन प्रसारण गर्दा ठूलो रकम बुझाउनु पर्ने तर भारतिय उत्पादनको विज्ञापनहरू नेपालमा प्रसारण गर्दा कुनै शुल्क नबुझाउने असमान व्यवहार लाई सच्याउनु पर्ने विषय नेपालले भारतिय निकाय लाई राख्न सकेको थिएन। ओलि सरकारले इतिहासमा पहिलो पटक 'क्लिन फिड' नीति व्यवहारमा लागु गर्यो जसको कारण भारतिय उत्पादकहरूले नेपाल सरकारलाई विज्ञापन प्रसारण गर्दा राजश्व बुझाउन थाले। धेरै च्यानलहरू बन्द भएकाले तत्कालको अवस्थामा नेपाली दर्शक तथा श्रोतालाई मन दुखाएको र पिडा दिएको हुन सक्छ। तर यस कदम बाट आय बढ्नु का साथै नेपाल एक स्वतन्त्र र सार्वभौम राष्ट्र भएको आभाष दिएको छ।

**राम जन्म-भूमी**

भारतले नेपाललाई सधै नै 'छोटा भाई' को रुपमा लिएर असमान व्यवहार गर्दै आएको छ। केपी ओलीले राष्ट्रको रुपमा अस्तित्व भारतको भन्दा धेरै पहिले नेपालको भएको तर्क प्रस्तुत गर्दै भारतबाट धार्मिक तथा सांस्कृतिक अतिक्रमण भएको कुराको पर्दाफास गर्ने साहस गरे। मर्यादापुरुष श्रीरामको जन्म भारतको अयोध्यामा नभएर नेपालको चितवन जिल्लाको ठोरी क्षेत्रको अयोध्यापुरी माडीमा भएको हो भनि सप्रमाण तर्क प्रस्तुत गरे। यस प्रसङ्गले विश्वको ध्यान आकृष्ट गर्यो। भारतिय शासकहरूको दिमाग चकाइदियो। उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले त नेपालको अवस्था तिब्बतको जस्तो बनाइदिने हुँकार गरे। केपी ओली आफ्नो अडानमा टसमस नगरी मात्र बसेनन् बरु ठोरी मा भव्य राम मन्दिर निर्माण गर्ने घोषणा गरिदिए। राम, सीता, लक्ष्मण, लव-कुश र हनुमान सँगै सम्बन्धित धेरै तथ्यहरू



एकपछि अर्को उत्खनन् भइरहेको छन्। हाल चितवनको ठोरी नेपालीहरूको मात्र नभई विश्वका जिज्ञाशुहरूका लागि दर्शनिय पर्यटन स्थलका रुपमा विकसित भइरहेको छ।

**रेल**

नेपाल विकट भौगोलिक बनोट भएको मुलुक भएकाले यहाँ रेल मार्ग को विकास हुनु असम्भव छ भनि रटिदै आएको शास्त्रिय मान्यतालाई केपी ओलिले गलत सावित गरिदिए। उनको पहलमा तिब्बत को केरुङ बाट बेत्रावती हुँदै काठमाण्डौ जोड्ने र काठमाण्डौ बाट पोखरा हुँदै लुम्बिनी जोड्ने रलमार्गको सम्झौता चीनसँग गरी स्थलगत सर्भेको काम समेत सम्पन्न भइसकेको छ। रेलमार्गमा अवस्थित अग्ला पहाड-पर्वतहरूलाई छेडेर सुरुङ मार्फत छोटो, छिटो, सोझो र समथर मार्गहरूको परिकल्पना गरिएको छ। घण्टौ लगाएर राजधानी आउने नुवाकोटवासीहरू यस रेलमार्ग निर्माण पश्चात केही मिनेटमै सुरुङ मार्फत काठमाडौको टोखामा प्रवेश गर्नेछन्। विश्वको झण्डै आधा जनसंख्या ओगट्ने विशाल मुलुकहरू चीन र भारतलाई जोड्ने सेतुको रुपमा यो रेलमार्ग विकास हुन सक्ने सम्भावना रहेको छ। कालान्तरमा लुम्बिनीमा बौद्ध धर्मावलम्बीहरू र कैलाशमा हिन्दु धर्मावलम्वीहरूलाई तिर्थाटनका लागि सबैभन्दा सहज मार्गका रुपमा विकास हुने संभावना बोकेको छ। काठमाण्डौ, पोखरा, सौराहा लगायत नेपालका विभिन्न स्थानमा पर्यटकीय व्यवसाय विस्तारका लागि यो रेलमार्ग कोशेढुंगा सावित हुनेछ।

नेपालमा रेलसेवाको नाममा एकमात्र जनकपुर-जयनगर मार्ग मा चालु रहेको अवस्था थियो। यो सेवा ज्यादै जिर्ण अवस्थामा भएकाले अव्यवस्थित, सुस्त र विश्वसनियता गुमाइसकेको अवस्थामा पुगेको थियो। ओलि सरकारले पुरानो मार्गलाई विस्तार गरी नेपालको कुर्था सम्म लम्ब्यायो र आधुनिक रेल भारतबाट आयात ग-यो। यद्यपी सम्पूर्ण तयारी भइसके पनि प्राविधिक उपलब्धता कारणले हालसम्म सुचारु हुन सकेको छैन। त्यस्तै मेचीदेखी महाकाली सम्म रेलमार्ग व्यवस्थापन गर्नका लागि आवस्यक जमिन जग्गा धनीबाट लिने काम तिव्ररुपमा अघि बढायो र महेन्द्र राजमार्गको समानान्तर रेलमार्ग बन्न सक्ने सपना साकार गर्नका लागि आधार बनाउन सफल भयो।

**पानीजहाज**

समुद्रसँग नजोडिएको भुपरिवेष्ठित हाम्रो देश नेपालको आफ्नै पानीजहाज चलाउने कुरा पहिलो पटक केपी ओलीले गरे, सर्वत्र हाँसो भयो हावादारी कुरा भनेर। विश्वका विभिन्न भूपरिवेष्ठित मुलकले व्यावहारमा ल्याइसकेको कुरा नेपालले गर्न किन सम्भव नहुने भनि जलश्रोत सहसचिवको नेतृत्वमा पानीजहाज विभाग नै गठन गरे। हाल नेपालको झण्डा फर्फराएर महासागरहरूमा नेपाली स्वामित्वको मालवाहक जहाजहरूले सामान ओसार पसार गरिरहेका छन्।

नेपालबाट भारत पस्ने ठूला नदीहरू मार्फत साना जहाजहरू समेत चलाउनका लागि सम्भाव्यता अध्ययन गरिसकेको छ। कोलकत्ताबाट गंगा नदी हुँदै त्रिवेणी आइपुगेर गण्डकी नदी मार्फत नेपालका भित्री भाग सम्म जहाज चलाउन सकिने प्रचुर सम्भावना बढेको छ। जमिनमा बनेको सडक मार्ग भन्दा नदीहरूमा मोटरबोट चलाई सार्वजनिक यातायात सेवा बाट सस्तो र छिटो पहाडी गन्तव्यमा समेत पुग्न सकिने उदाहरण कोसी नदीमा मोटरबोटबाट चतरा देखि भोजपुर सम्म चलिरहेको यात्रालाई लिन सकिन्छ। *(क्रमशः)*

## पर्सलेनका अनेकौं गुण



यो पृथिवीमा कुनै पनि चीज व्यर्थ छैनन्। हामीलाई झारपातहरूको महत्व नै थाहा छैन। जस्तै, हाम्रो घरमा अनि पर्खालमा भेटिने झारपात पर्सलेन पनि धेरै गुण भएको बिरुवा हो। हामी यसलाई जंगली बुट्यान ठानेर लुछेर मिल्काउँछौं। तर यसमा पोषण तत्वहरू भरपूर मात्रामा भेटिन्छन्।

यो बिरुवाको स्वाद पनि गजबको हुन्छ र यसको पोषण पनि राम्रो हुन्छ। यो बिरुवामा ओमेगा ३ प्रचुर मात्रामा पाइन्छ। ओमेगा ३ खासमा फ्याट्टी एसिड हो र यो माछा, अण्डा र माछाको तेलमा पाइन्छ। यो एसिडले दिमाग तीखो बनाउँछ र हृदयघातलाई रोक्छ।

शाकाहारीलाई त ओमेगा ३ पाउनका लागि पर्सलेन नै सर्वोत्तम विकल्प हो। पर्सलेनमा भएको एन्टीअक्सिडेन्टले तपाईंको छाला जवान राख्छ। अनि यसले शरीरको रोगप्रतिरोधात्मक क्षमता बढाएर रोगहरूसँग लड्न पनि सहयोग गर्छ। यो बिरुवा आहारमा समावेश गर्नुभएमा शरीरमा क्याल्सियम र म्याग्नेसियमको कमी हुन पाउँदैन। यसले हाड र दाँत बलियो हुन्छ। यसमा पोटेसियम पनि प्रशस्त हुन्छ। यसको पात खाँदा रक्तचाप सामान्य रहन्छ। यसमा आइरन पनि हुन्छ।

शाकाहारीहरूका लागि आइरन पाउन मासुको साटो यही बिरुवा उपयुक्त हुन्छ। पर्सलेनमा ९३ प्रतिशत पानी हुन्छ। यसको पात खाँदा तपाईंको शरीर आर्द्र रहन्छ। तपाई स्वस्थ र फुर्तिलो हुनुहुन्छ। पर्सलेनमा भएको मेलाटोनिनका कारण यो खाँदा राम्रो निद्रा लाग्छ।

## समाचार संक्षेप

### सवारी दुर्घटनामा परी ५ जनाको मृत्यु

काठमाडौं। ओखलढुङ्गा, सिद्धिचरण नगरपालिका-३ असिनेस्थित सडकमा बोलेरो गाडीलाई सडकमाथिबाट खसेको ढुङ्गाले थिच्दा गाडीमा सवार ३ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा सोही ठाउँ बस्ने १० वर्षीय युसब कोईराला, ७ वर्षीया युनिसा कोइराला र मानेभञ्याङ गाउँपालिका-१ मोली बस्ने ३० वर्षीय हेम बहादुर मगर रहेका छन्।

सिन्धुली, कमलामाई नगरपालिका-१ बलौटास्थित सडकमा अटो आफैं अनियन्त्रित भई नालामा खसेर दुर्घटना हुँदा अटोमा सवार सोही ठाउँ बस्ने विष्णु परियारको घटनास्थलमै मृत्यु भएको छ। यसैगरी सिन्धुली कमलामाई नगरपालिका-२ पौवागढीस्थित सडकमा मोटरसाइकल आफैं अनियन्त्रित भई सडकबाट करिब २५ फिट तल खसेर दुर्घटना हुँदा मोटरसाइकल चालक उदयपुर त्रियुगा नगरपालिका-७ बस्ने २८ वर्षीय मान बहादुर खत्रीको मृत्यु भएको छ।

### जलेर मृत्यु

रुकुम (पश्चिम)। चौरजहारी नगरपालिका-६ शान्ती बजार बस्ने रिम बहादुर रोकायको गत पुस २० गते जन्म भएको छोराको आइतवार बिहान जलेर मृत्यु भएको छ। बच्चालाई चुलोको नजिक ओछ्यानमा सुताई रिम बहादुरकी श्रीमती बाहिर रहेको अवस्थामा ओछ्यानमा आगो सल्किएर उनको जलेर मृत्यु भएको हो।

### निसास्सिएर मृत्यु

भक्तपुर। सूर्यविनायक नगरपालिका-४ दधिकोट गाम्चा डेरा गरी बस्ने रामेछाप मन्थली नगरपालिका घर भएका अभिसेक रम्तेलको ३ महिनाको छोराको आइतवार बिहान निसास्सिएर मृत्यु भएको छ। अभिसेक, उनकी श्रीमती २८ वर्षीया पसुना तामाङ र छोरा बिहान अबेरसम्म नउठेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले अशक्त अवस्थामा फेला पारी उपचारको लागि मध्यपुर अस्पताल लगिएकोमा छोराको मृत्यु भएको हो।

### मृत अवस्थामा फेला

काठमाडौं। मोरङ, जहदा गाउँपालिका-३ जयरामपुरस्थित ससुराली घरमा बस्दै आएका ४० वर्षीय अशोक रिसिदेव कटहरी गाउँपालिका-३ स्थित नहरको पानीमा आइतबार मृत अवस्थामा फेला परेका छन्। विराटनगर महानगरपालिका-१९ घर भएका अशोकको उक्त नहरको पानीमा डुबेको अवस्थामा शव फेला परेको हो।

ओखलढुङ्गा, खिजिदेम्बा गाउँपालिका-९ छाप्रे बस्ने ३१ वर्षीय गणेश विक घरबाट ३ किलोमिटर टाढा मोलुङखोलाको पानीमा आइतबार मृत अवस्थामा फेला परेका छन्। यहि माघ १ गतेदेखि हराएर बेपत्ता भएका उनको खोजी गर्नेक्रममा उक्त खोलामा शव फेला परेको हो। काभ्रे, धुलिखेल नगरपालिका-११ कल्छेवेशीस्थित राम प्रसाद हुमागाईको घरमा पेन्टिङको काम गरी बस्ने सर्लाही ईश्वरपुर नगरपालिका-८ घर भएका २९ वर्षीय बसन्त कार्की सुतेकै ठाउँमा आइतबार मृत अवस्थामा फेला परेका छन्। कास्की, पोखरा महानगरपालिका-१७ मानव सेवा आश्रममा बस्ने मादी गाउँपालिका-९ मिजुरे डाँडा घर बताउने ६८ वर्षीया भुमाया परियार आफू सुत्ने ओछ्यानमा आइतबार मृत अवस्थामा फेला परेकी छन्।

पाँचथर, फिदिम नगरपालिका-१ कात्तिके बस्ने ५० वर्षीय लाइन बहादुर राई सोही नगरपालिका नाम्दुखोलास्थित बाटोबाट करिब २ सय मिटर तल आइतबार मृत अवस्थामा फेला परेका छन्। बैतडी, पाटन नगरपालिका-३ र ६ को सिमानास्थित सूर्नया नदीको किनारमा हाल नाम, थर, वतन नखुलेका करिब २६ वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन्।

### सवारी दुर्घटनामा परी ५ जनाको मृत्यु

काठमाडौं। दैलेख, चामुण्डा बिन्द्रासैनी नगरपालिका-७ तार बजारस्थित सडकमा भे.१ ख १९२१ नम्बरको ट्रकको ठक्करबाट सडक किनारको ढुङ्गामा बसिरहेकी सोही ठाउँ बस्ने भवानी प्रसाद चौलागाईकी छोरी १६ वर्षीया सर्मीला चौलागाईको शनिबार दिउँसो घटनास्थलमै मृत्यु भएको छ।

सिन्धुपाल्चोक, मेलम्ची नगरपालिका-३ हैबुङस्थित सडकमा हाल नम्बर नखुलेको स्काभेटरले ढुङ्गा निकाल्ने क्रममा माथीबाट ढुङ्गा खसेर लाग्दा स्काभेटर चालक बर्दिया मधुवन नगरपालिका-६ सानोश्री बस्ने ४२ वर्षीय शेर बहादुर श्रेष्ठको शनिबार साँझ घटनास्थलमै मृत्यु भएको छ। बाँके, कोहलपुर नगरपालिका-२ एनसिसिएन चोकस्थित सडकमा बलेरो जिप र मोटरसाइकल एक-आपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक बर्दिया बढैयाताल नगरपालिका-३ बस्ने २० वर्षीय राजन कुमार थारुको मृत्यु भएको छ।

स्याङ्जा, कालिगण्डकी गाउँपालिका-२ कोटाकोट सेरास्थित सडकमा ट्याक्टरबाट लडेर ट्याक्टरका चालक सोही ठाउँ बस्ने १८ वर्षीय गोविन्द पाण्डेको मृत्यु भएको छ। रुपन्देही, सैनामैना नगरपालिका-४ लुम्बिनीस्थित सडकमा लु.९ प ३०३४ नम्बरको मोटरसाइकलको ठक्करबाट सोही ठाउँ बस्ने २३ वर्षीया लक्ष्मी श्रीस मगरको मृत्यु भएको छ।

नियात्रा

# स्मृतिको क्यानभास-८

✍ रामप्रसाद पन्त

त्यसैगरी क्याप्टेन क्याम्पवेल, लेफ्टिनेन्ट लक्सफोर्ड हर्स, लेफ्टिनेन्ट ह्यारिडसन महाराजधिराज, लेफ्टिनेन्ट कनिङसम जसले सन् १८१४ नोभेम्बर २७ तारेखमा सहात प्राप्त गरे। एवं हमलाको क्रममा सहादत प्राप्त गर्ने तल्लो दर्जाका सैन्य कर्मचारी तथा सम्पूर्ण व्यक्तिहरू। (खलङ्गा देहरादून)

**आंग्रेज-नेपाल युद्ध (सन् १८१४-१८१६)**

सीमा तनाव र ब्रिटिसहरूको महत्वकांक्षी विस्तारवादी सोचका कारण अपरिहार्य रुपमा सन् १८१४ मा अँग्रेज-नेपाल युद्ध भयो। एकीकरणको सुरुवातदेखि नै युद्धमा हामिएको नेपालले त्यसबेलासम्म आधा शताब्दी जति समय युद्धमा नै बिताइसकेकाले युद्ध सामग्रीको अभाव समेतका कारण नेपाल कठिन परिस्थितिमा थियो।

तिब्वतसँगका दुईवटा युद्धमा ठूलो मात्रामा स्रोतसाधन खर्च भइकेका थिए। साथै संख्यात्मक रुपले ठूलो र सशस्त्रले सुसज्जित बलियो शक्ति ब्रिटिससँग नेपालले लड्नु थियो। अर्कोतर्फ नेपाली सेनाका कमाण्डरहरूलाई आफ्नो फौज एकतृत गर्न अप्ठ्यारो थियो किनकि तिनीहरू पूर्वको टिष्टा नदीदेखि पश्चिममा गढ्वालको अलाखनन्दसम्मका विभिन्न स्थानमा छरिएर रहेका थिए।

त्यसबखत बडाकाजी अमरसिंह थापा, सरदार भक्ति थाा र क्याप्टेन वीर बलभद्र कुँवर अँग्रेजसँग युद्ध गर्ने पक्षमा थिएनन्। तर प्रधानमन्त्री भीमसेन थापा र उनी निकटस्थ अधिकारीहरूले तात्कालिक परिस्थितिलाई फरक ढङ्गले मूल्याङ्न गरे। त्यसबेला नेपालसँग मात्र १४ हजार फौज थियो। तिनीहरूसँग अँग्रेजसँग लड्न केही संख्यामा तोप र करिब ४ हजार थान राईफल मात्र थिए।

नेपाल र इष्ट इण्डिया कम्पनीबीचको युद्ध नेपालका लागि एक दुःखद् अनुभूति थियो। उक्त युद्धको क्रममा नेपालको करिब आधा भू-भाग गुम्न पुग्यो। तर अत्यन्त प्रतिकूल परिस्थितिमा पनि नेपालीहरू कुशल ढङ्गले युद्ध कौशल प्रदर्शन गर्न सक्छन् भन्ने दृष्टान्तलाई भने सो युद्धले पुष्टी गर्यो।




प्राथमिक रुपले काठमाडौंलाई प्रत्यक्ष ढङ्गले त्रसित तुल्याउँदै नेपाली फौजको प्रतिकारलाई खण्डित गर्ने गरी एकैचोटी धेरैवटा हमला गर्ने अँग्रेज फौजको सैन्य रणनीति थियो। सम्पूर्ण कुमाउँ, गडवाल र हाल भारतको हिमाञ्चल प्रदेश अन्तर्गत रहेको बुसिर क्षेत्रलाई कब्जा गरी पहाडी राज्यमा समाहित गर्नु उनीहरूको रणनीति रहेको थियो। त्यसैगरी अँग्रेजहरू अन्य क्षेत्रलाई पनि गोर्खालीको नियन्त्रणबाट मुक्त गर्न चाहन्थे। त्यसको लागि उनीहरूले शिख र मराठीहरूलाई एउटै गठबन्धनमा समाहित गर्नुपर्थ्यो। साथै उनीहरूले चिनियाँहरूलाई पनि मनाउनु आवश्यक थियो। नेपाली फौजलाई टुक्रा-टुक्रामा विखण्डन गर्ने उद्देश्यले नेपाल विरुद्ध भयानक हमलाको धक्का दिनेगरी अँग्रेजहरूले विस्तृत योजना बनाएका थिए। उनीहरूको सशस्त्र फौज नेपाली फौजभन्दा संख्यात्मक रुपमा कयौं गुणा ठूलो मात्र थिएन अँग्रेजहरू प्रशस्त अत्याधुनिक हातहतियारबाट पनि सुसज्जित थिए।

मेजर जनरल मार्लीले कमाण्ड गरेको पहिलो सैन्य डिभिजनले काठमाडौंतर्फ अगाडि बढ्ने प्रारम्भिक कदमको रुपमा मकवानपुरको नाका कब्जा गर्यो। मेजर जनरल जोन सुलिभान उडले दोस्रो सैन्य डिभिजनको कमाण्ड गरे। मेजर जनरल रोलो जिलेस्पीको कमाण्डमा रहेको तेस्रो सैन्य डिभिजनको लक्ष्य भनेको शहरणपुर हुँदै देहरादूनतर्फ अगाडि बढेर श्रीनगर पुग्नु थियो। कर्णेल अक्टरलोनी नेतृत्वको चौथो सैन्य डिभिजनको जीम्मेवारी चाहिँ बिशालपुर हुँदै रामगढ-आर्की। मलाउँ-सुबाठु-जैथक (हाल हिमाञ्चल प्रदेश) तर्फ अगाडि बढ्दै जिलेस्पीको फौजसँग जोडिनुपर्ने थियो। क्याप्टेन बी.लाई करिब २४ सय फौजसहित आधारक्षेत्र सुरक्षा र मेजर जनरल मार्लीको फौजलाई पूर्वी दिशातर्फबाट सुरक्षा गर्न खटाइएको थियो।

*(गोर्खाली दूरभास निर्देशिका - २०१३ मा उल्लेख भए अनुसार)*

**पल्टनको इतिहास**

**उत्पत्ति**

(१) नेपाली गोर्खा सैनिकको उत्तपत्ति सन् १८१४-१८१६ को अँग्रेज-नेपाल युद्धभन्दा २०० वर्ष पहिले नै भएको हो। गोर्खाली सैनिकहरूले दुईवटा रक्तपातपूर्ण युद्धमा प्रदर्शन गरेको वीर पराक्रम र युद्ध कौशलबाट हृदयदेखि नै प्रभावित भएर अँग्रेजहरूले गोर्खालीहरूलाई ब्रिटिस आर्मीमा भर्ना हुन प्रस्ताव गरे।

(२) अल्मोडामा रहेको पहिलो बटालियनलाई पुनरसंगठित गरेर सन् १८१५ अप्रिल २४ तारेखमा तेस्रो गोर्खा राइफल पल्टन स्थापना भयो (सुरुमा कुमाउँ प्रान्तिय बटालियनको रुपमा रहेकोमा पछि तेस्रो गोर्खा पल्टनमा रुपान्तरण गरिएको)। दोस्रो बटालियन सन् १९९१ मा ल्यान्सडोनमा खडा गरियो भने तेस्रो र चौथो बटालियन दोस्रो विश्वयुद्धका समयमा सन् १९४० मा गठन भए। स्वतन्त्रता पश्चात चौथो बटालियनलाई परिचालन गरिएन तर सन् १९६२ मा उक्त बटालियन पुनः सुचारु गरियो। त्यस्तै सन् १९६३ मा कान्छी बटालियन पनि गोर्खा पल्टनमा समावेश भयो।

**स्वतन्त्रता पूर्व**

(३) स्थापनाको पहिलो सय वर्षमा दोस्रो अफगान युद्ध, महान युद्ध लगायत थुप्रै सैन्य अभियानमा गोर्खा पल्टन सहभागी भयो। ती युद्धहरूमा देखाएको सहासिक एवं बहादुरी कार्यले गर्दा उक्त पल्टनले धेरै संख्यामा सैन्य पदक (प्रथम विश्वयुद्धका समयमा दुई वटा भिक्टोरिया क्रश समेत) र यथेष्ट युद्ध सम्मान प्राप्त भयो। *(क्रमशः)*

# युक्रेन विवाद : रूस-अमेरिकाबीच तनाव



विष्णु भट्टराई

यतिबेला दुइटा घटना क्रमले विश्वको ध्यानाकर्षण गरेको छ। ती मध्ये पहिलो हो युक्रेनसँग सीमा जोडिएको रुसले ठूलो संख्यामा आफ्नो सेना तैनाथ गर्नु। यो युक्रेन कुनै बेला पूर्व सोभियत संघको अभिन्न अंग रहेको हो। अर्को घटना हो कजाकिस्तानमा उत्पन्न घरेलु अशान्तिलाई शान्तिमा बदल्न रुसको हस्तक्षेप। यी घटनाले स्वभाविकरूपमा प्रश्न खडा हुन्छ कि अफगानिस्तानबाट अमेरिकाको योजनाबद्ध पलायनपछि रुसले पुनः आफूलाई स्थापित गर्न खोजेको हो ? हो भने यसको भावी परिणाम के कस्तो होला ? अहिले यो अनेक अडकल र अनुमानको विषय बनेको छ।

एक लाखभन्दा बढी रुसी सैनिक युक्रेनको सिमानामा छन् र सैनिकको संख्या अझ बढेर १ लाख ७५ हजार पुग्ने अन्दाज गरिएको छ। तर युक्रेनमा रुसले हमला गरे त्यसलाई अमेरिकाले दुई तरिकाले प्रतिकार गर्ने स्पष्ट छ। पहिलो, युक्रेनलाई हतियारको सहायता र रुसले युक्रेन कब्जा गरे पनि त्यसविरुद्ध छापामार युद्ध लड्न हतियार र स्रोतसाधन दिने। दोस्रो, रुसलाई संकटमा पुऱ्याउने। रुसलाई संकटमा पार्न अमेरिकाले आर्थिक नाकाबन्दीका विभिन्न उपाय अपनाउन सक्छ। यीमध्ये एउटा मुख्य कदम अमेरिकाको प्रभावमा रहेको अन्तर्राष्ट्रिय भुक्तानी व्यवस्थामा रुसको प्रवेश रोक्नु हुनेछ। युक्रेन प्रकरण यो तहमा पुग्यो भने त्यसपछि विश्वशान्तिमा के होला, भन्न गाह्रो छ।

तर प्रश्न आउँछ, रुस र पश्चिमी मुलुकहरूबीच युक्रेनसम्बन्धी समस्या युद्धको सम्भावना हुने स्तरमा किन पुग्यो ? यो प्रश्नको उत्तर खोजेपछि मात्र समस्याको शान्तिपूर्ण र कूटनीतिक समाधानको बाटो पहिल्याउन सकिन्छ।

कतिपय प्रकाशित जानकारीका अनुसार वर्तमान स्थितिमा रुसी सेनाहरूले युक्रेनलाई तीन तिरबाट घेरिरहेका छन्। अमेरिकी पत्रिका न्युयोक टाइम्सका अनुसार रुसी सैनिक, भारी बख्तरबन्द गाडीहरू तथा मध्यमदेखि लामो दुरीसम्मका सैन्य आर्टिलरीहरूलाई त्यहाँ यसरी तैनाथ गरिएको छ कि कुनै पनि युद्धको स्थितिमा युक्रेनमा तत्कालै धावा बोल्न सकिनेछ। युक्रेनको पूर्वी तथा उत्तरी सिमाना त्यस देशको राजधानी किभको धेरै नै नजिक छ अनि रुसी सेना ब्यूह रचना खडा गरेर त्यहाँ बसेको छ। १९९० को दशकको सुरुदेखि नै रुस वास्तवमा युक्रेन र जर्जिया नाटो (नर्थ एटलान्टिक ट्रिटी अर्गनाइजेसन) को सदस्य बनेका कारण अत्यन्तै अप्रसन्न रहँदै आएको देखिएको पनि हो।

एकथरी रणनीतिक विशेषज्ञहरूका अनुसार रुसले आठ वर्षअघि २०१४ मा नै युक्रेनमा घुसपेठका लागि आफ्नो सशस्त्र बल तैनाथ गर्न सुरु गरेको थियो जतिबेला उसले क्रिमियामाथि कब्जा जमाएको थियो। यद्यपि रणनीतिक अध्येताहरू के भन्दछन् भने यस कुरामा कुनै स्पष्टता छैन कि किन क्रेमलिन युक्रेनमा झगडाको यो जोखिमपूर्ण मार्ग चुनिरहेको छ, जसको परिणाम केवल पूर्वी युरोपसम्ममा मत्र सीमित रहने छैन।

यदि अमेरिका र रुस बीचको जेनेभा वार्ताको कुनै परिणाम निस्केन भने (निस्केको पनि छैन) नाटो पनि यस झगडामा सामेल हुन सक्नेछ। यसबाट आर्थिक व्यवधानहरू पनि उत्पन्न हुँने नै छन्। किनभने युरोप पहिलादेखि नै प्राकृतिक ग्यासको चर्को मूल्यको सामना गर्दै आएको छ। कारण 'गेजप्रोम'ले युरोपका लागि ग्यासको आपूर्ति रोकिदिएको छ। युरोपको दुःखमा अझ वृद्धि अमेरिकाद्वारा एउटा नयाँ ग्यास पाइपलाइन नर्ड स्ट्रिम-२ लाई प्रमाणपत्र नदिने तथा प्रतिबन्ध लागू गर्नाले भएको छ।

यता पूर्वतिर पूर्ववर्ती सोभियत संघको एसियाली क्षेत्रतर्फ लाग्ने हो भने सोतहरूले भरिपूर्ण कजाकस्तान संघर्षको अर्को एउटा विन्दु बन्न गएको छ। सोभियत संघको यो पूर्व गणराज्य रुस र चीनका बीचमा अवस्थित छ। यो चारैतिरबाट जमिनले घेरिएको सबैभन्दा ठूलो भूपरिवेष्ठित 'बेस्टफेलियन' राज्य हो। जसको जनसंख्या हाल १ करोड ९० लाख रहेको छ।

गएको २ जनवरी २०२२ का दिन त्यो देशमा हजारौंको संख्यामा कजाखहरू सडकमा उत्रिएका थिए। यसको तत्काल देखिएको कारण एलपिजी ग्यासमा सरकारले बढाएको अधिकतम मूल्यको सीमा हटाउनु थियो। हुन त यसको प्रमुख कारण त्यहाँ व्याप्त सामाजिक तथा आर्थिक असमानताहरू हुन् जसले गर्दा एकल पार्टी तानाशाही रहेको शासन सत्ताको विरुद्ध जनतामा बढ्दो तीव्र रोष प्रकट भएको पनि औंल्याइएको छ। किनकि त्यहाँ सरकारी भवनहरूमा आगो पनि लगाइएको थियो र अत्यन्तै अप्रसन्न भिडले हवाई अड्डा र अन्य सार्वजनिक भवनहरूमा समेत कब्जा जमाएको थियो। त्यसको परिणाम वर्तमान कज्जाक राष्ट्रपति कासिम-जोमार्ट टोकाएबलाई मद्दत माग्न मस्कोतिर फर्किनुपरेको थियो। बितेको आठ वर्षभन्दा पनि कम समयमा क्रेमलिन समर्थित कुलीनतन्त्रका विरुद्ध यो तेस्रो विद्रोह भएको मानिएको छ। २०१४ मा युक्रेनमा निकै व्यापक 'लोकतन्त्र' समर्थक प्रदर्शन भएको र त्यसपछि त्यस्तै प्रदर्शन बेलारुसमा पनि भएको थियो।

कजाकस्तान अमेरिका तथा चीन दुबै देशका लागि पनि निकै महत्वपूर्ण मानिन्छ। यद्यपि त्यसका करणहरू भने बेग्लाबेग्लै छन्। एक्सन मोबिल तथा चेभरनजस्ता प्रमुख अमेरिकी तेल कम्पनीहरूले कजाकस्तानको पश्चिमी क्षेत्रमा खर्बौं डलर लगानी गरेका छन् जुन अहिलेको जन प्रदर्शनको केन्द्र क्षेत्र हो। चीनको पनि यससमान चिन्ता रहेको छ। किनभने छिमेकी कजाकस्तानसँग चीनको १ हजार ७ सय ८२ किलोमिटर लामो साझा सिमाना रहेको छ। त्यहाँ कुनै त्यस्तो गम्भीर प्रदर्शन हुँदा चीनमा पनि त्यसको प्रभाव पर्न सक्छ।

प्रष्ट छ, पश्चिमा शक्तिहरू कजाकस्तानमा रुसको हस्तक्षेपले विश्वका लागि निकै ठूलो र असामान्य स्थिति उत्पन्न हुने विश्लेषण गरिरहेका छन्। किनभने यो रुसको तैनाथी कलेक्टिभ सेक्युरिटी ट्रिटी अर्गनाइजेसनको मातहतमा रहेको छ। यसमा रुस तथा पूर्व सोभियत संघमा आबद्ध रहेका देशहरूको सबैभन्दा सबल सुरक्षा संघमा आधारित सैन्य सहयोग संगठन हो। त्यस सम्झौतामा अर्मेनिया, बेलारुस, कजाकस्तान र किर्घिजिस्तान सामेल रहेका छन्। त्यसैले पश्चिमा विश्लेषकहरूले रुसले आफ्नो पूर्ववर्ती प्रभाव क्षेत्रमा अर्को एउटा नयाँ विश्व खेल सुरु गरिरहेको अर्थ लगाइरहेका छन्। त्यो कुन अर्थमा पनि भनिँदै छ भने उनीहरू अमेरिका यतिबेला आफ्नो इतिहासको जेफससन कालतर्फ फिर्ता गइरहेको औंल्याउन थालेका छन्। यद्यपि यी सबै परिघटनाहरूको यथार्थ अब कसरी उपस्थित हुने हो त्यो समयले नै प्रकट गर्ने प्रतिक्षा गर्नुपर्ने देखिन्छ।

१९९० को दशकमा नाटोको विस्तार जर्मनीपूर्वका थुप्रै देशमा सुरु भयो। पहिले रुसको प्रभावक्षेत्रभित्र रहेका देशहरूमा नाटोका फौज र हतियार भित्रिए। यो जर्मनी एकीकरणको समयमा भएको आश्वासनविपरीत भयो भनी त्यस बखत रुसका राष्ट्रपति बोरिस एल्तसिनले अमेरिकी राष्ट्रपति बिल क्लिन्टनलाई चिठी लेखे। सन् २०१४ मा रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले पनि यही कुरो गर्दै 'हामीलाई धोका दिइयो, हामीले गरेको सन्धिको मर्मविपरीत काम गरियो' भनी पश्चिमी राष्ट्रहरूसँग गुनासो पोखे। यो गुनासो मात्र नभएर धोका पाएको भावनाबाट निस्केको आक्रोश थियो।



मूलतः रुसको आन्तरिक राजनीतिक कमजोरीका बेला यो सन्धि भयो र कमजोर रुसको फाइदा उठाउँदै पुरानो सोभियत संघको प्रभावक्षेत्रका राष्ट्रहरूलाई नाटोको सदस्य बनाएर रुसलाई सदा कमजोर र घेरेर राख्ने लक्ष्यमा अमेरिकासहित पश्चिमी सैनिक संगठनका राष्ट्रहरू लागेको भन्ने भावना रुसी नेताहरूमा गहिरो गरी बसेको छ। यही नीतिको निरन्तरताका रूपमा रुससँग सीमा जोडिएको युक्रेनलाई नाटोको सदस्य बनाएर त्यहाँ अत्याधुनिक हतियार प्रवेश गराई रुसलाई घेर्ने र चलमल गर्न गाह्रो तुल्याउने प्रयासका रूपमा युक्रेनप्रतिको पश्चिमी समर्थनलाई रुसी नेताहरूले लिएका छन्। त्यसैले व्यापार र अर्थतन्त्रमा युक्रेन पश्चिमी युरोपका राष्ट्रहरूसँग जोडिन सक्ने तर नाटोको सदस्य कुनै हालतमा हुन नदिने पुटिनको स्पष्ट नीति छ। रुसीहरू सन् १९९० मा जर्मनीबारे नाटोको आश्वासनमा परेर लिखित सहमतिमा दफा नराखेको भूल अब नदोहोऱ्याउने अठोटमा देखिन्छन्।

त्यसैले अब युक्रेनबारे हुने सहमति मौखिक नभएर लिखितमा हुनुपर्ने र स्पष्ट रूपमा युक्रेनमा पश्चिमी देशहरूको सैनिक उपस्थिति हुँदैन भन्ने लेखिनुपर्ने माग रुसको छ। आफ्नो मागको उपेक्षा गरे अब रुस १९९० को दशकमा जस्तो कमजोर छैन र आफ्नो राष्ट्रिय सुरक्षा स्वार्थका लागि युद्ध गर्न पनि तयार छ भन्ने सन्देश दिन असंख्य फौज र ट्यांकहरू युक्रेनको सीमामा पुऱ्याइएका छन्। यसलाई लिएर निश्चय पनि कूटनीतिक प्रयास हुनेछ र हुनु पनि पर्छ। दुवै पक्षको स्वार्थ कसरी मिलाउन सकिन्छ भन्ने बुँदामा निश्चय पनि गम्भीर प्रयासहरू हुनेछन्।



अमेरिकामा एक थरी विद्वानहरू रुसले २०१६ को चुनावमा 'साइबर हस्तक्षेप' गरी आफ्नो राष्ट्रको प्रजातन्त्रको जग नै भत्काउन खोजेका कारण युक्रेन नीतिबाट रुसलाई 'पाठ सिकाउनुपर्छ' भन्नेहरू पनि छन्। उनीहरूको भनाइमा, रुसले हमला गरी युक्रेन कब्जा गर्न सक्छ। यो कुरो युक्रेनकै जर्नेलहरू पनि स्वीकार गर्छन्। तर रुसले कब्जा गरे पनि त्यसपछि छापामार युद्ध चलाई यसलाई 'राष्ट्रिय स्वाधीनता' को युद्धमा परिणत गर्ने एवं रुसी अर्थतन्त्र र शासन धराशायी पार्ने सोच पनि एकातिर छ। आणविक शक्तिसम्पन्न दुई राष्ट्र यो तहमा पुगे विश्वका लागि ठूलो दुर्भाग्य हुन सक्नेछ। त्यसकारण कूटनीतिक समाधानबाहेक अन्य विकल्पबारे सोच्नु पनि हुँदैन।

शीतयुद्धको समयमा विश्व महाशक्तिहरू बीचको सम्बन्धमा एउटा सन्तुलन थियो, प्रभावक्षेत्रको सिद्धान्तका रूपमा। रुसमा कम्युनिस्ट पार्टीको जडसूत्रवाद र कुलीनतन्त्रमा आधारित राजनीतिक संरचनालाई परिवर्तन गर्छु भन्दा गोर्वाचोभ आफूले कल्पना नगरेको समस्यामा परे र असफल भए। बन्द बोतल खोल्दा निस्केको शक्तिले उनलाई पनि बगायो। रुसमा अराजकता निम्तियो र शीतयुद्धको सन्तुलन भताभुंग भयो। यो पीडा र कमजोरीबाट घटेको कद र आफ्नो सुरक्षाका लागि कायम गरिएको प्रभावक्षेत्र गुमेको तथ्यबाट रुस आक्रोशित छ र त्यसैले युक्रेनलाई लिएर तनाव बढेको छ।



यसैबीच अर्को महाशक्तिराष्ट्रका रूपमा चीनको उदय भइरहेको छ। पश्चिमी राष्ट्रहरूका लागि रुसभन्दा बढी चीन विश्व अर्थतन्त्र र राष्ट्रिय सुरक्षाका दृष्टिले महत्वपूर्ण चासो भएको छ। यी दुईमध्ये कुनैको पनि सामरिक स्थितिमा उल्झन पैदा गर्न खोज्नु ठूला राष्ट्रहरूको नयाँ नीति भएको छ। यस्तो परिवर्तनले गर्दा अन्तर्राष्ट्रिय सम्बन्धमा सन्तुलन कायम गर्न अझ १०/१५ वर्ष लाग्ने देखिन्छ। ठूला राष्ट्रहरूबीच प्रभावक्षेत्र निर्धारण एवं त्यसका घोषित-अघोषित नियम र सन्तुलन कायम गर्न हुनुपर्ने संरचना आजका दिनमा प्रस्ट छैन। त्यसैले आउँदो दशक अन्तर्राष्ट्रिय सम्बन्धमा तरल, अराजक र खतरनाक हुने देखिन्छ। यस्तै, कुनै दुर्घटना नभए चीन र उसका सहयोगीहरूको एउटा ध्रुव एवं अमेरिका र उसका मित्रहरूको अर्को ध्रुव खडा हुने तथा बीचमा २० औं शताब्दीका असंलग्न राष्ट्रहरूजस्तै नयाँ समन्वयकारी राष्ट्रहरूको तेस्रो झुन्डको पनि निर्माण हुने देखिन्छ। यस परिवेशमा आजको स्थिति युरोपको पूर्व (जस्तो-युक्रेन) मा नाटो विस्तारको प्रयास र रुसको प्रतिरोध, चीन र अमेरिकाको नेतृत्वमा खडा हुने मूलतः दुईध्रुवीय विश्वको प्रसवपीडामा परिणत हुन सक्छ।

युक्रेनको स्वतन्त्रता र समृद्ध लोकतन्त्रले आफ्नो शासनमाथि खतरा उत्पन्न हुने ठान्ने रुसी राष्ट्रपति भ्लादिमिर पुटिन पश्चिमा विश्वले आफूलाई रोक्न सक्दैनन् भन्ने देखाउन चाहन्छन्

पछिल्ला केही दिनयता युक्रेन र रुसी सीमामा विकसित घटनाले विश्वको ध्यान खिचेको छ। युरोपसँग नजिकिएको युक्रेन उत्तर एट्लान्टिक सन्धि संगठन (नाटो)मा आबद्ध हुने तयारीपछि चिढिएको रुस आक्रमणका लागि उचित समयको पर्खाइमा देखिएको छ। त्यसका लागि रुसले केही दिनयता युक्रेनी सीमामा एक लाख सैनिक तयारी अवस्थामा राखेको छ।

बेलायती प्रधानमन्त्री बोरिस जोन्सनले युक्रेनी सीमा क्षेत्रमा ६० वटा रुसी युद्धभूमि तयार गरिसकिएको गुप्तचर रिपोर्टले पुष्टि गरेको बताएका छन्। रुसी सेनाले युद्धका क्रममा आवश्यक पर्ने अस्पताललगायतका संरचना भने बनाइसकेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन्। तर युक्रेनमाथि हमला गर्न लागेको भन्ने पश्चिमा देशको आरोप भने रुसले अस्वीकार गर्दै आएको छ।

'यो निकै ठूलो संकट हो। सम्भवतः शीतयुद्धको अन्त्ययताकै सबैभन्दा ठूलो,' नाटोका पूर्वराजदूत इभो डाल्डरले पछिल्लो अवस्थाबारे भनेका छन्, 'अर्को देशमाथि आक्रमण गर्नका लागि मध्ययुरोपमा यतिका धेरै सेना र सैनिक सामग्री राखेको लामो समयपछि देख्न सकिन्छ।' डाल्डर युक्रेनको स्वतन्त्रता तथा सफल र समृद्ध लोकतन्त्रले आफ्नो शासनमाथि खतरा उत्पन्न हुने रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको बुझाइ रहेको दाबी गर्छन्।

बेलायत, अमेरिका तथा युरोपेली संघले युक्रेनमाथिको आक्रमण महँगो पर्ने चेतावनी दिएपछि भने रुस केही शान्त भएको आकलन गरिएको छ। तर ठूलो आक्रमण नगरेपछि रुसले कुनै पनि बेला युक्रेनमाथि हमला गर्न सक्ने कतिपयको बुझाइ छ।

'एक लाख रुसी सेना एकैपटक युक्रेन पस्दैनन्। तीमध्ये अधिकांश दबाब सिर्जना गर्नका लागि विभिन्न स्थानमा बस्छन्,' युरोपस्थित अमेरिकी सेनाका पूर्वकमान्डर होड्ज भन्छन्, 'त्यसका साथै पुटिनलाई पश्चिमा विश्वले मलाई रोक्न सक्दैनन् भन्ने देखाउनुपर्ने पनि छ।'

जुनसुकै बेला कुनै आक्रमण हुन सक्ने कारण बेलायतले युक्रेनस्थित दूतावासका केही कर्मचारी र उनीहरूका आफन्तलाई फिर्ता गर्ने निर्णय गरिसकेको छ। त्यस्तै, अमेरिकाले पनि दूतावासका कर्मचारीका आफन्तलाई युक्रेन छाड्न आदेश दिइसकेको छ। अत्यावश्यकबाहेकका कर्मचारीलाई पनि युक्रेन छाड्न अनुमति दिएको अमेरिकी विदेश मन्त्रालयले आफ्ना नागरिकलाई युक्रेनबाट बाहिरिन भनिसकेको छ।

बेलायती प्रधानमन्त्री जोन्सनले युक्रेनमा रुसले हस्तक्षेप गरे स्थिति भयावह हुने चेतावनी दिएका छन्। 'त्यसो भएमा अवस्था निकै भयावह, दर्दनाक, हिंसात्मक र रक्तपातपूर्ण हुनेछ,' जोन्सनले भनेका छन्। जोन्सनले रुसमाथि आर्थिक प्रतिबन्ध लगाउनका लागि बेलायतले नेतृत्वदायी भूमिका खेलिरहेको बताए।

अमेरिका, यूके र युरोपेली संघले यसअघि नै रुसमाथि ऊर्जा तथा वित्तीय क्षेत्रमा सन् २०१४ देखि नै प्रतिबन्ध लगाउँदै आएका छन्। त्यसका साथै सन् २०१६ को अमेरिकी राष्ट्रपतीय चुनावमा हस्तक्षेप, अमेरिकामाथिको साइबर आक्रमण र सन् २०१८ मा बेलायतमा गरिएको स्नायु प्रणाली आक्रमणपछि थप प्रतिबन्ध लगाइएको छ। तर रुसले ती घटनामा आफ्नो संलग्नता अस्वीकार गर्दै आएको छ।

अमेरिका, बेलायतलगायत नाटोका सदस्य राष्ट्रले युक्रेनलाई हतियारहरू उपलब्ध गराएका छन्। अमेरिकाले सहयोग गरेका ९० टन बराबरका हातहतियार युक्रेन पुगिसकेका छन्। त्यस्तै, प्रतिरक्षाका लागि सैन्य बल पठाउने बेलायती प्रधानमन्त्री जोन्सनको भनाइ छ।

फ्रान्सले नाटोको कमान्डमा रहने गरी रोमानियामा सैनिकहरू पठाउने बताएको छ। ब्ल्याक सीमा युद्धपोत पठाएको डेनमार्कले लिथुवानियामा ४ वटा लडाकु जेट राख्ने भएको छ। त्यस्तै स्पेनले पनि लडाकु विमान पठाउन लागेको जनाएको छ।

त्यस्तै, अमेरिकाले ८ हजारभन्दा बढी सैनिकलाई पूर्वी युरोपमा तैनाथ गर्न तयारी अवस्थामा राखेको छ। अमेरिकाको पेन्टागनस्थित रक्षा विभागले ८ हजार ५ सय सैनिकलाई 'अलर्ट' राखेको हो। पेन्टागनका अनुसार सैन्य टोलीमा लडाकुसहित स्वास्थ्यकर्मी र जासुसहरू पनि समावेश छन्। उक्त टोलीले पूर्वी युरोपमा नाटो सैन्य गठबन्धनलाई बलियो बनाउन सहयोग गर्ने जनाएको छ।

रुसले आफ्नो सीमा क्षेत्र र बेलारुसबाट एकैसाथ आक्रमण गरेर युक्रेनी सेनालाई विभाजित गर्ने रणनीति बनाएको कतिपयको अनुमान छ। त्यसको तयारीका लागि रुसी सैनिकको विशेष फौज युक्रेनको उत्तरमा पर्ने बेलारुस पुगिसकेका छन्। गतवर्ष सत्ता बचाइदिएपछि रुसी राष्ट्रपति पुटिन र बेलारुसका राष्ट्रपति एलेक्जेन्डर लुकासेन्कोबीच निकै सौहार्द सम्बन्ध छ। सन् २०२० र २०२१ मा बेलारुसमा सरकार र लुकासेन्कोविरुद्ध शृंखलाबद्ध प्रदर्शन भएका थिए। त्यतिबेला पुटिनले सेना पठाएर आन्दोलन दबाउन सहयोग गरेका थिए।

रुसविरुद्ध अमेरिका र बेलायत आक्रामक देखिएपछि जर्मनीलगायतका केही युरोपेली देश भने मौन देखिन्छन्। जर्मनीले भने हतियार उपलब्ध गराउन युक्रेनले गरेको आग्रह अस्वीकार गरिसकेको छ। खासगरी जर्मनी र रुसबीच नर्ड स्ट्रिम-२ ग्यास पाइपलाइन परियोजनाको सम्झौता मुख्य कारण हो। यसमार्फत अधिकांश युरोपेली देशमा प्राकृतिक ग्यास आपूर्ति हुन्छ।

रुसी राष्ट्रपति पुटिनको बचाउमा उत्रेपछि जर्मन नौसेना प्रमुख के-खिम स्योनबाख विवादमा तानिएपछि उनले पदबाट राजीनामा दिनुपरेको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अरू केही नभई सम्मान मात्र खोजेको उनको दाबी छ। पुटिनले राखेका माग उचित भएकाले पश्चिमा राष्ट्रहरूले उनलाई समान रूपमा व्यवहार गर्नुपर्ने स्योनबाखको भनाइ थियो।

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेन संकटबारे युरोपेली नेताहरूसँग भिडियो कन्फरेन्समार्फत छलफल गरेका छन्। युरोपेली आयोग र युरोपेली परिषद्का अध्यक्ष, फ्रान्स र पोल्यान्डका राष्ट्रपति, बेलायत र इटालीका प्रधानमन्त्री, जर्मन चान्सलर र नाटोका महासचिव सहभागी बैठकले युक्रेनलाई सम्भावित आक्रमणबाट रोक्न थप सैन्य सहायता प्रदान गर्ने निर्णय गरेको जनाइएको छ।

यसअघि राष्ट्रपति बाइडेनले चेतावनी दिँदै रुसी राष्ट्रपति पुटिनले पश्चिमा विश्वको परीक्षा लिन चाहेका भए 'गम्भीर मूल्य चुकाउनुपर्ने' बताएका छन्। 'रुसी सेना युक्रेन पसेको खण्डमा अमेरिका र उसका साझेदारबाट तत्काल, कडा र एकीकृत जवाफ पाउने' अमेरिकाको भनाइ छ।

युक्रेन नाटोको सदस्य बनेपछि आफ्नो देशको सीमा क्षेत्रमा सैन्य गतिविधि बढ्ने र त्यसले राष्ट्रिय सुरक्षामाथि खतरा उत्पन्न हुने रुसको भनाइ छ। त्यसका साथै, युरोपका पूर्वी भाग र स्टोनिया, लात्भिया र लिथुवानियाबाट नाटोको सेना र सैनिक संरचना हटाइनुपर्ने क्रेमलिनको माग छ। तर रुसका केही मागहरू पूर्वसर्तका रूपमा रहेका भन्दै पश्चिमा देशहरूले अस्वीकार गरेपछि दुई पक्षबीचको वार्ता असफल हुँदै आएको छ।

सन् २०१९ मा भोलोदिमिर जेलेन्स्की राष्ट्रपतिमा निर्वाचित भएसँगै पश्चिमा विश्वसँग नजिकिएको युक्रेन युरोपेली संघको पनि सदस्यता लिने तयारीमा छ। जुन कुरा पुटिनलाई असह्य भएको छ। सोभियत संघबाट सन् १९९१ मा अलग भएको युक्रेन पनि बेलारुसजस्तै रुसको राजनीतिक, आर्थिक तथा सैन्य प्रभावमा रहोस् भन्ने चाहन्छन् पुटिन।

तर ७/८ वर्षयता भने अवस्था फेरिएको छ। सन् २०१३ मा युरोपेली संघसँग राजनीतिक तथा स्वतन्त्र व्यापारसम्बन्धी सम्झौता गर्न अस्वीकार गरेपछि तत्कालीन राष्ट्रपति भिक्टोर यानुकोभिचको सत्ता गुम्यो। उनले रुसको सहयोग मागेपछि देशव्यापी प्रदर्शन चर्कियो। युक्रेनको दक्षिणी द्वीप क्रामियामा पुटिनको समर्थनमा प्रदर्शन भए।

त्यस क्रममा युक्रेनले आफ्नो पक्षका राष्ट्रपतिलाई अपदस्थ गरिदिएपछि रुसले उक्त भूभाग आफ्नोमा गाभ्यो। त्यसयता युक्रेनी सेना पूर्वी सीमामा रुस समर्थित विद्रोहीसँग युद्ध लड्दै आएको छ। उक्त युद्धमा करिब १४ हजारले ज्यान गुमाउनुका साथै २० लाखभन्दा बढी विस्थापित भएका छन्।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## खुसीको रहस्य

एकपटक एक धनाढ्यले आफ्नो छोरालाई सुख कसरी पाउन सकिन्छ ?' भन्ने सवालको जवाफ मागेर ल्याउन एक विशद् विद्वानकहाँ पठायो । ऊ लगातार ४० दिनसम्म हिँडेर बल्लबल्ल विद्वानको घरसम्म पुग्यो । विद्वानको घर डाँडाको शिरमा थियो । ऊ बल्लतल्ल त्यहाँसम्म पुग्यो । विद्वानको घर परिसरमा थुप्रै मानिसहरूको जमघट थियो । टेबुलमा थुप्रै फलफूलहरू सजाएर राखिएका थिए । उसले मानिसको भिडकाबीच विद्वान्लाई खोज्यो । विद्वान् अन्य मानिससँगको कुराकानीमा व्यस्त देखिन्थे । उसले ढोकामै कुरेर बसिरह्यो । धेरै बेरपछि उनको नजर सो केटामाथि पर्‍यो । विद्वान् नजिक आएर उसको परिचय र आउनुको उद्देश्य सोधे । उसले आफ्नो परिचय दिँदै सोध्यो, 'सुख कसरी पाउन सकिन्छ ?' विद्वान्ले केटालाई भने, 'त्यसो भए मलाई एक घण्टापछि भेट, म काम सकेर आउँछु । तर त्यतिन्जेल तिमी मेरो सम्पूर्ण घर घुम्दै गर । मेरो घरको भव्यता हेर अनि बल्ल म विद्वान् हो, हैन भन्ने प्रमाणित हुन्छ । अरूले भन्दैमा सबै सत्य कहाँ हुन्छ र !' उनले चम्चामा तेल हालेर दिँदै भने, 'तिमी घुम्दा यसलाई पनि साथै लिएर घुम्नु तर याद राख्नु यसबाट एक थोपा पनि तेल चुहुनुहुँदैन ।' केटो घुम्न निस्कियो र एक घण्टापछि साबिककै स्थानमा आयो । विद्वान्ले चम्चा हेरे तेल जस्ताको तस्तै थियो ।

उनले केटालाई हेर्दै भने, 'स्याबास तर के तिमीले पूरै घर घुम्यौ त ?'

केटाले जवाफ दियो- घुमें ।

त्यसो भए त्यो मेरो माथिको कोठामा झुन्ड्याएको मेरो मखमलको कमिज देख्यौ ? त्यो मलाई अति मनपर्छ । अनि मेरो कोठामा राखिएको त्यो ठूलो प्राचीन पेन्टिङ, कोठाको सजावट, घरबाहिरको भव्य बगैंचा, बगैंचाका हरिया रूखहरू, रंगिचंगी फूलहरू, उडिरहेका पुतलीहरू, परका पहाडहरू के तिमीले सबै देख्यो ?'

केटोले मुन्टो हल्लाउँदै भन्यो, 'मैले पूरै ध्यान चम्चामा लगाएको थिएँ यसर्थ ती सबै हेर्ने अवसर नै पाइनँ ।' विद्वानले भने, 'पुनः यो चम्चा लगेर ती पूरै चीज हेरेर आऊ ।' ऊ पूरै हेरेर साबिकै स्थानमा आयो र विद्वान्ले प्रश्न सोध्नु अगावै उसले देखेका सबै चिजको उत्कृष्ट वर्णन गर्‍यो ।

अन्त्यमा विद्वानले सोधे, 'अनि चम्चाको तेल नि ?'

उसले चम्चातर्फ हेर्‍यो, त्यो पूरै रित्तो थियो । विद्वान्ले भने, 'खुसीको रहस्य यही हो, तिमीले संसारको सबैथोक हेर तर आफूसँग भएको चम्चाको तेल कहिल्यै नखसाल !'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रयत्न गर्दा व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ । भौतिक साधन जुट्नाले आम्दानी बढ्ने काम प्रारम्भ हुनेछ । प्रेमको बन्धन कसिनेछ भने अतिथिका रूपमा सत्कार प्राप्त हुनेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । विवादले रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ । आफन्तसँग सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुर्‍याउनुहोला ।

### वृष

स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ लिने योजना कार्यान्वयन हुनेछन् । भौतिक साधन जुट्नाले दिगो काम सुरु गर्न सकिनेछ । छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ ।

### मिथुन

समयतालिका नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् । स्वास्थ्य-चिन्ताले सताउन सक्छ । अध्ययनमा कमजोरी अनुभूति हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । परिस्थितिवश आँटेको काम रोकिन सक्छ । नयाँ काममा हतार नगर्नुहोला । गुरुजन र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

### कर्कट

आवेशको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहारमा सजग रहनुपर्ला । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला । नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला । निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुहोला । बेसुरमा वचन दिने बानीले पनि अप्ठ्यारो पर्न सक्छ । महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला ।

### सिंह

प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ । छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु तथा प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ ।

### कन्या

आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा विवाद आउन सक्छ । मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ । ईर्ष्या गर्नेहरूले सताउलान् । पहिलेकै काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ । अध्ययनमा समय दिन नसकिएला । आत्मसम्मानमा आघात पुग्नेछ ।

### तुला

इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ । पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ । प्रतिष्ठा, मान-सम्मान आदि पाइने समय छ । साथ दिनेहरू बढ्नेछन् । प्रेम र मित्रताको बन्धन पनि कसिनेछ ।

### वृश्चिक

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । समय दिन नसक्दा काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन् । धेरै लगानीपछि कममात्र फाइदा हुनेछ । अवसरका लागि दौडधुप गर्नुपर्ला ।

### धनु

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिलेको सफलताले नयाँ अवसर पनि दिलाउन सक्छ ।

### मकर

पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ । विशेष भेटघाटले उत्साह जगाउनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कीर्तिमानी काम गर्ने समय छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा फाइदा हुनेछ ।

### कुम्भ

जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला । अस्वस्थताले काममा जुट्न नसकिएला । सहयोगको आशा देखाउनेहरूबाट धोका हुन सक्छ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । मेहनतअनुसार कम मात्र फल प्राप्त हुनेछ । फाइदा नहुने काममा लामो समयसम्म अलमलिनुपर्ने देखिन्छ ।

### मीन

अवसरका लागि दौडधुप गर्नुपर्ला । तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । स्वास्थ्य र अर्थका हिसाबले दिन कमजोर रहनेछ । परिस्थितिले अप्ठ्यारा चुनौतीहरूसँग सम्झौता गराउन सक्छ । जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन् ।

# समाचार संक्षेप

## दुर्घटनामा १ जनाको मृत्यु

महोत्तरी । औरही नगरपालिका-४ कठुधारस्थित सडकमा अनटेष्ट लेखिएको अटो आफै अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा अटोमा सवार रामगोपालपुर नगरपालिका-१ बसबिटि बस्ने ५५ वर्षीय लालबिहारी चौधरीको मृत्यु भएको छ । अटो चालकलाई नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## मृत अवस्थामा फेला

काठमाडौ । दाङ, राप्ती गाउँपालिका-२ लालमटिया बस्ने १८ वर्षीय निर्मल परियार आफ्नै कोठामा मंगलबार मृत अवस्थामा फेला परेका छन् । सुनसरी, धरान उपमहानगरपालिका-८ स्थित रहेको अटल ग्यारेजभित्र भारत दार्जलिङ घर भएका ४६ वर्षीय योगेश शर्मा मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

झापा, बुद्धशान्ति गाउँपालिका-४ देवि बस्ती बस्ने ४३ वर्षीय कमल राई सोही ठाउँस्थित मल खाडीमा मंगलबार मृत अवस्थामा फेला परेका छन् । रुपन्देही, देवदह नगरपालिका-९ घोडाहास्थित सडक छेउमा हाल नाम, थर, वतन नखुलेकी अन्दाजी ३६ वर्षीया महिला मंगलबार मृत अवस्थामा फेला परेकी छिन् ।

## सवारी दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं । धादिङ, गल्छी नगरपालिका-७ भल्टारस्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट पैदलयात्री सिद्धलेख गाउँपालिका-६ बस्ने ४५ वर्षीय महलाल श्रेष्ठको सोमबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको अम्बे भरोसा गल्छी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ ।

बारा, आदर्श कोटवाल गाउँपालिका-३ बतरास्थित सडकमा बिहेको चार पाङ्ग्रे रथ आफै अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा रथमा सवार २ जनाको घटनास्थलमै मृत्यु भएको छ । मृत्यु हुनेहरूमा सोही ठाउँ बस्ने १६ वर्षीया निलम कुमारी राम र सिम्रौनगढ नगरपालिका-७ जानकीनगर बस्ने २३ वर्षीया सैलकुमारी राम रहेका हुन् । साथै दुर्घटनामा घाइते भएका रथमा सवार १४ जनालाई उपचारको लागि कलैया पठाएकोमा ६ जनालाई थप उपचारको लागि वीरगंज न्यूरो अस्पताल रिफर गरिएको छ । हाल फरार रहेका रथ चालकको प्रहरीले खोजी गरिरहेको छ ।

धनुषा, गणेशमान चारनाथ नगरपालिका-६ चारनाथ पूलस्थित सडकमा ना.७ ख ७४४३ नम्बरको बसको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६५ वर्षीय राजेन्द्र प्रसाद जैसवालको सोमबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## करेन्ट लागेर मृत्यु

तनहुँ । ऋषिङ गाउँपालिका-८ बस्ने ७२ वर्षीय दल बहादुर रानाको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ । सोही गाउँपालिका अजम्बरी सल्लाघारी जंगलमा दाउरा खोज्न जाने क्रममा बिजुलीको लाईनमा छुन गई करेन्ट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

## मृत अवस्थामा फेला

काठमाडौ । नवलपरासी (पूर्व), गैंडाकोट नगरपालिका-२ स्थित नारायणी नदीमा सर्लाही लालबन्दी नगरपालिका-१५ बस्ने ५१ वर्षीया लोक माया भण्डारी सोमबार मृत अवस्थामा फेला परेकी छिन् ।

बाँके, जानकी गाउँपालिका-६ डिठापुरस्थित तारजाली फ्याक्ट्री नजिक नालाको पानीमा सोही गाउँपालिका-६ अमृतपुर बस्ने ४२ वर्षीय मोहन सिंह ठकुरी सोमबार मृत अवस्थामा फेला परेका छन् । सिरहा, गोलबजार नगरपालिका-११ स्थित मैनावती खोलामा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ५५ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् ।

## सवारी दुर्घटनामा ६ जनाको मृत्यु

काठमाडौ । बारा, जितपुरसिमरा उपमहानगरपालिका-२२ स्थित सडकमा ना.३ च ८८५१ नम्बरको पिकअपले ना.५१ प ३४९५ नम्बरको मोटरसाइकललाई आइतबार दिउँसो ठक्कर दिँदा मोटरसाइकलमा सवार मकवानपुर हेटौंडा उपमहानगरपालिका-५ बस्ने ३४ वर्षीय धर्म प्रसाद सापकोटाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको अल्पाईन अस्पताल सिमरामा उपचारको क्रममा मृत्यु भएको हो । पिकअपले उक्त मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल अनियन्त्रित भई ना.६ ख ८६६८ नम्बरको ट्रकले समेत उक्त मोटरसाइकललाई ठक्कर दिएको थियो । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । ठक्कर दिने दुबै सवारी साधनका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दाङ, लमही नगरपालिका-६ बलरामपुरस्थित सडकमा रा.५ प ५७१४ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई आइतबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक तुलसीपुर उपमहानगरपालिका-१२ बस्ने २५ वर्षीय अरुण देवकोटाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको लमही अस्पताल लमहीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

सिन्धुली, दुधौली नगरपालिका-४ खनियास्थित सडकमा बा. प्र ०३-००१ ख ०२८४ नम्बरको ट्रकको ठक्करबाट सोही ठाउँ बस्ने प्रेम आले मगरको छोरी ३ वर्षीया प्रेनिशा आले मगरको आइतबार साँझ घटनास्थलमै मृत्यु भएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सुनसरी, ईटहरी उपमहानगरपालिका-१० स्थित सडकमा को.११ प ७९३२ नम्बरको मोटरसाइकललाई को.१ ख ६१६२ नम्बरको बसले आइतबार साँझ ठक्कर दिँदा मोटरसाइकल चालक तेह्रथुम साब्ला बस्ने ५४ वर्षीय बम बहादुर लिम्बुको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको एपेक्स अस्पताल ईटहरीमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मकवानपुर, मनहरी गाउँपालिका-७ बिजौनास्थित सडकमा बाग्मती प्रदेश ०१-००६ ख ३६४० नम्बरको ट्रक र ना.२३ प ७०६२ नम्बरको मोटरसाइकल एक-आपसमा ठोक्किएर आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक हाल नाम, थर, वतन नखुलेका अन्दाजी ४१ वर्षीय पुरुषको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिरहा, नरहा गाउँपालिका-५ स्थित सडकमा स.१ त ७९५ नम्बरको ट्याक्टर र स.८ प ७१९४ नम्बरको मोटरसाइकल एक-आपसमा ठोक्किएर आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक बिष्णुपुर गाउँपालिका-२ गढिया बस्ने २६ वर्षीय मुकेश कुमार यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको आरके मेडिसिटी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टरका चालक र सह-चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । संखुवासभा, चैनपुर नगरपालिका-१ सिङरिङ बस्ने ३० वर्षीय दोर्जी शेर्पा सोही ठाउँस्थित अलैची बारीमा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

पर्वत, जलजला गाउँपालिका-८ स्थित कालिगण्डकी नदीमा म्याग्दी रघुगंगा गाउँपालिका-६ पाखापानी बस्ने ३० वर्षीय मन बहादुर छन्त्याल आइतबार मृत अवस्थामा फेला परेका छन् । मोरङ, केराबारी गाउँपालिका-८ स्थित हजारबिघे सामुदायिक वनमा सोही गाउँपालिका-८ बस्ने २६ वर्षीय बाबुराम भट्टराई आइतबार मृत अवस्थामा फेला परेका छन् । लमजुङ, दुधपोखरी गाउँपालिका-२ भुम्लिचोक बस्ने २१ वर्षीय कमल कामी सोही ठाउँ ढाक्रेसोतीस्थित खोल्सामा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Paean= भक्तिपूर्ण उल्लासमय संगीत Paeans celebrating the victory filled the air विजयोल्लास मनाउने संगीतले वातावरण गुञ्जायमान बनायो ।

Queasy= सजिलै बिमारी पारिदिने This food can be queasy for me यो खानेकुराले मलाई बिमारी पारिदिन सक्छ ।

Ragamuffin= थोत्रो लुगा लगाएको माग्ने Ragamuffins are also abundant in America अमेरिकामा पनि माग्नेहरू जहाँतहीँ प्रशस्तै पाइन्छन् ।

Sadistic= दुष्ट The condition of the prison can be improved if the sadistic warden is removed दुष्ट जेलरलाई हटाएको खण्डमा जेलमा सुधार आउन सक्छ ।

Tacit= गोप्य They made a tacit agreement based only on a looking तिनीहरूले हेराइको भरमा नै एक गोप्य सहमति गरे ।

Unearth = उदाङ्ग बनाइदिनु, उत्खनन गर्नु As they unearthed the villages, they found some remnants of ancient civilization गाउँ उत्खनन गर्दा तिनीहरूले प्राचीन सभ्यताका अवशेष फेला पारे ।

Vacillate= अनकनाउनु, निर्णय दिन नसक्नु Being uncertain which colour to choose, she vacillated and asked the shopkeeper to show all possible colours कुन रंग रोज्ने भन्ने कुरामा निर्णय दिन नसक्दा तिनले पसलेलाई भएका जति सबै रंगहरू देखाउन आग्रह गरिन् ।

Waif= घरवारविहीन बच्चा वा प्राणी Even if he has his own children, he is inclined to adopt a waif आफ्नै बालबच्चाहरू हुँदाहुँदै पनि उसले एक घरवारविहीन बालकलाई धर्मपुत्र बनायो ।

Yeoman= थोरै सम्पत्ति वा घरवार भएको, मध्यम वर्गीय Mostly yeoman participates in the politics राजनीति गर्ने धेरैजसो मध्यमवर्गीय हुन्छन् ।

Zealot= अतिवादी ढिपिवाल Being a zealot, he tries to force his political beliefs on others अतिवादी ढिपिवाल भएको हुँदा ऊ आफ्नो आस्था अरुमाथि पनि लाद्न चाहन्छ ।

# Agree बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Agree to something = स्विकार्नु She agreed to my proposal without hesitation तिनले विना हिचकिचाहट मेरो प्रस्तावलाई स्विकारिन् ।

Agree with somebody = कोहीसँग सहमत हुनु I can not agree with you about going there त्यहाँ जाने भन्ने विषयमा म तिमीसँग सहमत हुन सक्दिन ।

Agree on something = मा सहमत हुनु We can agree on the date porposed by you हामी तिमीले दिएको मितिमा सहमत हुन सक्छौं ।

Agree with something = मिल्नु These two acoounts do not agree with each other यी दुई हिसाब एक अर्कासँग मिल्दैनन् ।

Agree something = स्वीकार्नु They agreed the price determined by us हामीले निर्धारण गरेको मूल्य तिनीहरूले स्वीकारे ।

Agree together = नमिल्नु These brothers and sisters never agree together यी भाइ बहिनीहरू कहिल्यै मिल्दैनन् ।

Agree to differ = विवाद स्वीकार्नु After a long discussion, the both sides agreed to differ लामो विवादपछि दुवै पक्षले विवादलाई स्वीकारे ।

Act something out = भएको जस्तो गरी देखाउनु He acted well out the role of a mad man उसले बहुला भएजस्तो गरी देखायो ।

Be agreed with = सहमतिमा हुनु I am never agreed with your opinion तिम्रो विचारसँग म कहिल्यै सहमत हुन्न ।

Be agreed on = उपर सहमत हुनु Lets be agreed at first on the time to start tomorrow's meeting सबैभन्दा पहिले भोलिको बैठक शुरु गर्ने समयबारे सबै सहमत होऔं ।

## सुडोकु-अंक २४७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | | १ | | ४ | |
| | १ | | | ५ | | ६ | ९ | |
| ५ | | | | ७ | | | | ३ |
| २ | | ७ | | ३ | | | १ | |
| | | | ४ | | २ | | | |
| | ६ | | | १ | | ८ | | २ |
| ३ | | | | ६ | | | | ९ |
| | ८ | २ | | ४ | | | ५ | |
| | ९ | | ८ | | | | | ७ |

## अंक २४६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ७ | ६ | १ | ५ | ३ | ९ | ४ | २ |
| १ | ५ | ९ | २ | ७ | ४ | ३ | ६ | ८ |
| ४ | ३ | २ | ८ | ६ | ९ | ५ | १ | ७ |
| ५ | ६ | ७ | ३ | १ | ८ | २ | ९ | ४ |
| ९ | ४ | ३ | ६ | २ | ५ | ८ | ७ | १ |
| २ | ८ | १ | ४ | ९ | ७ | ६ | ५ | ३ |
| ३ | १ | ८ | ९ | ४ | ६ | ७ | २ | ५ |
| ६ | २ | ५ | ७ | ३ | १ | ४ | ८ | ९ |
| ७ | ९ | ४ | ५ | ८ | २ | १ | ३ | ६ |

# Outstanding Statesman



Mikhail Zemskov, former editor-in-chief of the Russian newspaper *Patriot*, wrote in an article:

The Korean people are innovative creators for the present and future of the Democratic People's Republic of Korea and heroes of labour and national defence. It is the great Juche idea that has given full play to their energy, wisdom and creative potentiality, thus enabling them to be effective one hundredfold in practice. The outstanding artist of creation, produced in this life-giving flower garden of the Juche idea, is Kim Jong Il, the supreme leader of the DPRK. Today, the whole world, in other words, not only friends of the Korean people but also their hostile forces recognize that he is a world-class politician who makes great contributions to opening the road of mankind in the 21st century.

As he wrote, Kim Jong Il (1942-2011) was recognized as an unexcelledstatesman, accomplished, broad-minded and versatile, by not only friends of his socialist country but also statesmen ofthe US.

By energetically conducting ideological and theoretical activities with extraordinary passion and ability to explore, Kim Jong Il ensured that the Juche idea shone more brilliantly as a great ideology guiding the era of independence.

He developed and enriched the idea, authored byPresident Kim Il Sung, by elucidating such issues as the one of consciousness of man, the one of the position of the masses as the driving force of social movement, the one of the role of the leader in the revolutionary struggle of the working class, the one of the leader being in inseparable relationship with the party and the masses, the one of the strategy and tactics of the revolution and the one of accomplishing the people's cause of independence.

When the Western countries were fussing about the "end of socialism" by taking advantage of the collapse of socialism in the Soviet Union and other eastern European countries, he dealt a decisive blow at them.

He declared:

Socialism is a science. Socialism has been frustrated in a number of countries, but scientific socialism is as alive as ever in the minds of the people. The crumbling of socialism in various countries does not mean the failure of socialism as science but the bankruptcy of opportunism which has corrupted socialism. Although socialism is temporarily experiencing a heartrending setback because of opportunism, it will without fail be revived and win ultimate victory for its scientific accuracy and truth.

Under the leadership of Kim Jong Il, an incarnation of firm faith in socialism, the Korean people displayed their unchangeable loyalty to socialism and the cause of independence, holding higher the banner of the Juche idea.

In the face of worst-ever hardshipscaused by the disappearance of the international socialist market, relentless isolate-and-stifle manoeuvresby the allied imperialist forces, the greatest national sorrow over the death of PresidentKim Il Sung (1912-1994) and the unprecedented harsh natural disasters, Kim Jong Ildid not waver or yield but workeda miracle of turning the misfortuneinto blessing.

What was the secret of the miracle?

"A miracle is not an accidental gift from Heaven; it is something inevitable bestowed by the people"

This is an aphorism by Kim Jong Il.

The DPRK leadership roused the people to defending socialism, and the people shared will and destiny with the leadership.

The hostile forces calculated that the country's social unity would be crackedand its leadership would change its line as time went by, and intensified their politico-military offensive.

However, the Korean people rallied behind the Workers'Party of Korea more firmly and the leadership responded to the US hard line with a harder line, putting the enemy on the defensive.

Americans were astonished, for no other country in the world had ever approached them in that way until then.They conducted simulation of a war in Korea, but the result was the defeat of the US.

The American politicians and military experts recognized the result.

A senior research fellow at Harvard University said: In north Korea Kim Jong Il, who has a firm faith in the communist ideals, leads the country and there are his followers, a political force, that can exert a great political impact on this planet.

A five-star general said: I can't believe that the US can win in a new Korean war; it is difficult for the US to expect victory in the war.

The US could notbut promise that it would not have recourse to arms against the DPRKbut respect its sovereignty, ensure denuclearization, peace and security on the Korean peninsula, support the independent and peaceful reunification of Korea, and itwould build light-water reactors in the DPRK.

US President Bill Clinton sent the letter, in which he assured the US commitments under the DPRK-US Agreed Framework, and US Secretary of State Madeleine Albright visited Pyongyang and met Kim Jong Il.

Amid the international prestige and dignity of the DPRKrising remarkably at the change point of the centuries, meetings betweenKim Jong Il and Putin were held in Pyongyang and Moscow, opening a new era of comprehensive cooperation between the two countries, and many member states of the EU established diplomatic relations with the DPRK.

During those days, thanks to Songun politics administered by Kim Jong Il the Korean People's Army was strengthened in terms of the standard of its military hardware, unity, organization, discipline and combat capability, most importantlyin terms of the service personnel's ideological faith and fighting spirit.The KPA displayed to the full its dignity as an invincible armed force which no one would dare to attack.

CIA experts also recognized it.

Dmitri Yazov, former Soviet defence minister, said that Kim Jong Il won victory and safeguarded global peace without firing even a gunshot.

February 16 this year is the 80th anniversary of the birth of Kim Jong Il, who still enjoys praise of the people all over the world as an outstandingpolitician.



The respected Comrade Kim Jong Un wishing children a happy new year (January 2015)



The respected Comrade Kim Jong Un looking at pictures drawn by children (July 2012)



The respected Comrade Kim Jong Un at a kindergarten (July 2012)




The respected Comrade Kim Jong Un playing at doctors with children (July 2012)



The respected Comrade Kim Jong Un posing for a photograph with children (May 2012)





Playing merrily at the children's parks and pleasure grounds







## विश्वको...

उक्त वृद्धिदर सम्भव नभएको आइएमएफले उल्लेख गरेको छ। अक्टोबरमा ४.९ प्रतिशत प्रक्षेपण गरिएको अमेरिकाको आर्थिक वृद्धिदर ४.४ प्रतिशतमा झरेको छ भने संसारकै उच्च आर्थिक वृद्धिदर रहेको चीनमा पनि ४.८ प्रतिशत रहने अनुमान गरिएको छ। जुन गत वर्षको तुलनामा ३.३ प्रतिशतले कमी हो। अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भ (फेड) को औसत ब्याजदर वृद्धि गर्ने चेतावनी तथा नियन्त्रित मौद्रिक नीति, रुस र युक्रेनबीचकोल बढ्दो तनाव, उच्च मुद्रास्फिती, चुलिँदो पेट्रोलियम मूल्य र आपूर्तिमा अवरोध लगायतका कारण विश्वकै आर्थिक वृद्धिदरमा कमी आउने आइएमएफको अनुमान छ।

## प्रहरीमा...

दरबन्दी छ। कार्य तथा सीमा विभाग र मानवस्रोत तथा प्रशासन विभाग रहेकोमा कार्यबाट सीमा विभाग अलग गरी सीमासम्बन्धी मामिला हेर्न एआईजीको नेतृत्वमा सीमा विभाग बनाउने तयारी छ। यसैगरी प्रहरीमा साधारण सेवातर्फ अब ३ वटा थपेर ८ पुऱ्याउन लागिएको गृह स्रोत बताउँछ। प्रहरीमा एआईजीको नेतृत्वमा प्रदेश समन्वय विभाग बनाउने तयारी छ। त्यस्तै मानवस्रोत तथा प्रशासन विभाग फुटाएर मानव स्रोत र प्रशासन विभाग भिन्ना भिन्नै बनाउन लागिएको छ। केन्द्रीय अनुसन्धान ब्यूरोमा पनि एआईजीको दरबन्दी राख्ने तयारी छ। हाल ब्यूरो डीआईजीको नेतृत्वमा छ। स्रोतका अनुसार गृह मन्त्रालय छिट्टै मन्त्रिपरिषद्मा दुवै प्रहरीको दरबन्दी थप्ने प्रस्ताव पेस गर्ने तयारीमा छ। एआईजी बढुवाका लागि प्रहरीमा एक दर्जन डीआईजी बढुवाका आकांक्षी छन्।

## महाकालीमा...

महाकाली किनारमा भारतले पक्की तटबन्ध बनाउन थालेको बारे दार्चुला जिल्ला प्रशासनले गृह मन्त्रालयलाई गत साता नै पत्राचार गरिसकेको जनाएको छ। उक्त क्षेत्रमा २०७० सालमा महाकालीमा आएको भिषण बाढीअघि नै भारतले नदीको धार परिवर्तन हुने गरी तटबन्ध बनाएको थियो। यसपाली बहाव धकेलिने गरी नदीको भूभाग मिचेर पक्की तटबन्ध बनाउन थालेको स्थानीयहरू बताउँछन्। अहिले भारतीय पक्षले पुलघाटदेखि स्टेडियमसम्मको भूभागमा तटबन्ध निर्माणका लागि ढुंगामाटो पन्छाइसकेको छ। पुलघाट नजिकको क्षेत्रमा करिब ५० मिटरमा जग खन्न पनि सुरु गरेको छ। हिउँदमा जलस्तर घटेका बेला नेपालतिर धार फर्काएर तटबन्ध निर्माण भइरहेको छ। यसले वर्षातमा नेपालतिर कटानको जोखिम बढ्छ र नेपालको तटबन्धमाथि नै पानी बग्ने खतरा बढेको छ।

भारतीय उत्तराखण्ड सिंचाइ विभागको लगानी एवं सशस्त्र सीमा बल (एसएसबी) को सुरक्षा घेरामा सो तटबन्ध बनाइँदैछ। ८० करोड भारुमा तटबन्ध निर्माण सक्ने गरी भारतीय अरुण अन्स्ट्रक्सन कम्पनीलाई जिम्मा दिइएको छ। भारतले नयाँ परियोजना साविकको तटबन्धभन्दा सात मिटर नदी तटीय क्षेत्रमा छिरेर निर्माण अघि बढाएको छ। महाकालीको धार फेरिए नेपाली भूमि कटान मात्र हुँदैन, वारितर्फको बस्ती नै विस्थापित हुने जोखिम छ। एकतर्फी रुपमा भारतले बनाएको तटबन्धका कारण वर्षायाममा नदीको बहाव नेपालतर्फ फर्केर धनजनको ठूलो क्षति पुग्ने स्थानीय बताउँछन्। २०७७ साल पुसमा पनि भारतले एकतर्फी रुपमा सदरमुकाम खलंगास्थित जिल्ला अस्पतालको पारिपट्टि बाढीले धार परिवर्तन गरेको नदी क्षेत्र मिचेर १२० मिटर बाँध बनाएको थियो। त्यतिबेला काम रोकेर दुवै देशबीच यसअघि भएको सहमतिअनुसार तटबन्ध निर्माण गर्न अनुरोध गर्दा भारतले अटेर गरेको थियो। बाढीले नदीको धार परिवर्तन गर्दा नेपालतर्फको भूभाग महाकाली नदीपारि परेको थियो, त्यसैमा भारतीय पक्षले आफ्खुसी तटबन्ध बनाएको थियो। त्यतिबेला बाढीपछि नेपालले नदी किनारमा तटबन्ध निर्माण गर्दा भारतीय प्रशासनले अवरोध गरेको थियो। भारतीय पक्षले पत्राचार गरेपछि दुवै देशले नदी किनारको केही भाग छोडेर मात्रै तटबन्ध निर्माण गर्न सहमति गरेका थिए। भारतले भने नदीको बहावमै असर पर्ने गरी अनधिकृत रुपमा तटबन्ध बनाउन सुरु गरेको हो। गत वर्ष मौरावगर पारिपट्टि भारतले बाँध निर्माण गरेको भूभाग बाढीपूर्व महाकाली वारिको वगरक्षेत्र रहेको स्थानीय बताउँछन्। अहिले तटबन्ध निर्माण भइरहेको स्थल पनि नेपालको सार्वजनिक जमिन हो।

महाकालीको बाढीले २०७० असार २ मा खलंगा (दार्चुला सदरमुकाम) डुबाएको थियो। बाढीका कारण महाकालीको धार नेपालतर्फ प्रवेश गर्दा करिब २ सय रोपनी भूभाग नदीपारि पुगेको थियो। पारिपट्टि पुगेको नेपाली जमिनमै करिब डेढ सय मिटर लामो पक्की बाँध भारतले २०७७ पुसमै बनाइसकेको छ। बाँध बनाएका विषयमा नेपाल सरकारले असन्तुष्टि जनाउँदै भारतलाई पत्र लेखेको थियो। त्यसपछि दुवै देशका नापी, परराष्ट्र र गृह मन्त्रालयका अधिकारीहरू तथा दुवै देशका प्रशासनका प्रतिनिधि सम्मिलित संयन्त्रले महाकालीको धारवारे नाप नक्सा परीक्षण गरेको थियो। त्यस क्रममा भारततर्फ करिब दुई सय रोपनी जमिन परेको पुष्टि भए पनि प्रतिवेदन बनाउने काममा भारत पन्छियो। नेपालको भूभागमा संरचना निर्माण भएको पुष्टिपछि पक्की तटबन्ध रोकेको भारतले २०७७ चैतमा पुनः काम अघि बढाउन खोजेको थियो। नेपालतर्फबाट विरोध भएपछि त्यो काम अघि बढ्न सकेको थिएन।

अहिले भारतले महाकालीको अर्को स्थानमा नदीको प्राकृतिक बहाव नेपालतर्फ फर्काउने नियतका साथ पक्की संरचना निर्माण अघि बढाएको हो। भारतीय पक्षले पुरानै तटबन्ध व्यवस्थित गर्न लागेको जिकिर गरेको छ। तर अहिलेको संरचनाभन्दा ७ मिटर वर नदीतर्फ तटबन्ध सार्न खोजिएको जानकारी प्राप्त भएको छ, यसलाई स्वीकार गर्न सकिँदैन। संरचना निर्माण थालिएको क्षेत्र कानुनसम्मत छ/छैन भनेर दुवै देशका प्राविधिक टोलीबाट परीक्षण हुनुपर्छ– दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायको भनाइ छ। भारतको पिथौरागढका जिल्लाधिकारी (डिस्ट्रिक मजिस्ट्रेट) आशिष चौहानले २०७८ मंसिर ११ मा नेपालसँग समन्वय गरेर मात्रै सीमावर्ती क्षेत्रमा भौतिक संरचना बनाउने प्रतिबद्धता जनाएका थिए। दार्चुला र बैतडीका प्रमुख जिल्ला अधिकारीसँग चौहानले उक्त प्रतिबद्धता जनाए पनि व्यवहारमा भने लागू भएन।

दार्चुलाको व्यास गाउँपालिका १ छाङरु नजिकै सीतापुल संरचनाका लागि नेपालले संरचना बनाउँदा भारतले अवरोध गरेको थियो। भारतले पारिपट्टि सडक खन्दा नेपाली घोडेटो बाटो भत्किए स्थानीयको आवतजावतमै अवरोध पुग्यो। दार्चुलाको मालघाटपारि ६ महिनाअघि तुइन तरिरहेका बेला भारतीय एसएसबीले लठ्ठा खुस्काइदिँदा नेपाली युवा जयसिंह धामी महाकाली नदीमा खसेर बेपत्ता छन्। छाङरु र टिंकरमा जनगणनाका लागि पनि भारतीय बाटो प्रयोग गर्न दिइएन। भारतले यसअघि महाकाली तटीय क्षेत्रमा विभिन्न प्रकारका संरचना बनाउँदा पनि रोक लगाउन नेपालबाट बलशाली पहल हुन सकेन। विगतमा नेपाली पक्षबाट गरेका औपचारिक र अनौपचारिक आग्रह भारतले सुनेको नसुनेझैं गर्दै आएको छ।

नेपालसँगै दीर्घकालीन असर पर्ने तटबन्ध भारतले निर्माण गरिरहे पनि सरोकारवाला मन्त्रालय परराष्ट्रले खोजविन र चासो देखाएको छैन। यस विषयमा सत्तारुढ दलहरूले पनि मुख खोलेका छैनन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केही साताअघि लिपुलेक हुँदै सडक निर्माण गरिरहेको विषयमा बोल्दा पनि परराष्ट्र मन्त्रालयले कूटनीतिक माध्यमबाट विरोध जनाएन। विगतमा नेपाललाई अहित हुने गरी भारतले संरचना निर्माण गर्दा नेपालले भारतीय राजदूतलाई बोलाएर ध्यानाकर्षण गराएका उदाहरण छन्।

प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले माघ ९ गते विज्ञप्तिमार्फत सीमा क्षेत्रमा भइरहेको भारतीय गतिविधिप्रति सरकार मौन बसेको भन्दै असन्तुष्टि जनाएका छन्। ओली नेतृत्वको पूर्ववर्ती सरकारका पालामा ढुंगागिटी निकासी गर्न दिने निर्णय हुँदा संयुक्त विज्ञप्ति निकालेर विरोध गर्ने पाँच पूर्वप्रधानमन्त्री महाकालीमा अनधिकृत संरचना भारतले निर्माण गर्दा मौन छन्। व्यक्तिगत निकटतामा दरार आउने भय र सत्ता स्वार्थले नेपालको अहित हुने विषयमा पनि सरकारमा भएका र बाहिर रहेका दलहरू बोल्न आनाकानी गरिरहेका छन्। राष्ट्र, राष्ट्रियता र सार्वभौमसत्ताका विषयमा सबै दलहरू एक भएर बोल्ने हो भने भारत पछि हट्न अवश्य बाध्य हुनेछ।

स्मरणीय छ हेलसिन्की सन्धि १९६२ ले एक अर्कालाई प्रतिकूल असर पर्ने र नदी तथा खोलाको प्राकृतिक धार परिवर्तन हुने गरी कुनै पनि देशले सीमा इलाकामा भौतिक संरचना बनाउन नपाउने भनेको छ। उक्त सन्धिमा नेपाल र भारत दुवैले हस्ताक्षर गरेका छन्। प्राकृतिक प्रकोप तथा विपत्ति रोकथाम तथा नियन्त्रणका लागि कुनै संरचना बनाउनु परे एक अर्काको मुलुकसँग समन्वय र सहमति लिनुपर्ने हुन्छ।

## व्यापार...

६६ हजार रुपैयाँले व्यापार घाटा वृद्धि भएको छ। दैनिक व्यापार घाटा बढ्नुको मुख्य कारण विभिन्न देशबाट भित्रिने सामानको आयात बढ्नु नै भएको विभागले जनाएको छ।

भन्सार विभागका महानिर्देशक नारायणप्रसाद सापकोटाले हाल देखिएको व्यापार घाटाको अवस्था एकदमै चिन्ताजनक रहेको बताए। उनले हरेक उपभोग्य वस्तुमा परनिर्भरता एवं आयातमुखी अर्थतन्त्रले अहिले मुलुकले यस्तो अवस्था भोग्नुपरेको बताए। पछिल्लो समय सरकारले आयात नियन्त्रणमा जोड दिए पनि अझै अपेक्षाकृत रूपमा उपलब्धि नदेखिएको उनको भनाइ छ। विभागका अनुसार चालु आर्थिक वर्षको बितेका ६ महिनामा गत आवको सोही अवधिको तुलनामा ५१ प्रतिशत धेरैले विभिन्न वस्तुहरूको आयात बढेको छ। आयात उच्चदरले बढेपछि यसअवधिमा व्यापार घाटासमेत साढे ४६ दशमलव ६४ प्रतिशत धेरैले बढेको हो। भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्षको ६ महिनामा नेपालले झन्डै १० खर्व रुपैयाँको सामान तथा वस्तु आयात गरेको छ। साउनदेखि पुस मसान्तसम्म नेपालले ९ खर्व ९९ अर्व ३४ करोड २७ लाख ८ हजार रुपैयाँबराबरको सामान तथा वस्तु आयात गरेको देखिएको छ। यो तथ्यांक अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा आयातदर ५१ दशमलव १३ प्रतिशतले बढी हो। अघिल्लो आवको सोही अवधिमा नेपालले जम्मा ६ खर्व ६१ अर्बबराबरको सामान आयात गरेको थियो।

चालु आवको ६ महिनामा नेपालबाट १ खर्व १८ अर्ब ८५ करोड ९ लाख ६० हजार रुपैयाँबराबरको सामान निर्यात भएको छ। अघिल्लो आवको सोही अवधिको तुलनामा निर्यात ९५ दशमलव ४८ प्रतिशतले बढेको हो। अघिल्लो आवको पहिलो ६ महिनामा नेपालले ६० अर्ब ७९ करोड रुपैयाँबराबरको सामान तथा वस्तु निर्यात गरेको थियो। पछिल्लो समय मुलुकको निर्यात बढे पनि अझै व्यापार घाटा अस्वाभाविक बढेको विभागले जनाएको छ।

## भ्रष्टाचार...

नसकेको र ८६ प्रतिशत देशले एक दशकसम्म पनि कुनै प्रगति हासिल नगरेको देखिएको छ। विश्वभरि नै भ्रष्टाचारविरोधी प्रयासमा भएको कमी र शिथिलताले गर्दा मानवअधिकार र लोकतन्त्र धरापमा परेको छ,' रिपोर्टमा भनिएको छ। कोभिड-१९ को विश्वव्यापी संक्रमणले यसलाई थप प्रश्रय दिएको इन्टरनेसनलले भनेको छ।

नागरिक हकअधिकार कमजोर भएका देशमा भ्रष्टाचार रहने, मानवअधिकार हनन हुने, लोकतन्त्रको स्तर घट्ने, अधिनायकवाद बढ्ने र भ्रष्टाचारमा थप वृद्धि हुने प्रतिवेदनमा जनाइएको छ। ट्रान्स्परेन्सीले सार्वजनिक पदाधिकारीमाथि प्रश्न, अन्तरदेशीय भ्रष्टाचार नियन्त्रण, शक्ति नियन्त्रण र सरकारी खर्चको पारदर्शिता बढाउन सुझाव दिएको छ। भ्रष्टाचारको विरोध तथा मानवअधिकार प्रवर्द्धन गर्न सरकारहरूलाई अपिल गर्दै सम्पूर्ण नागरिकलाई परिवर्तन माग गर्न ऐक्यबद्ध हुनसमेत अपिल गरेको छ।

सूचकांकले १८० देशको सार्वजनिक क्षेत्रको भ्रष्टाचारबारे विज्ञको अवधारणा मापन गरेको छ। १३ स्वतन्त्र तथ्यांक स्रोतबाट प्राप्त विवरणका आधारमा सूचकांक निकालिएको ट्रान्स्परेन्सी इन्टरनेसनलले जनाएको छ। विश्वसनीय अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा सम्पन्न गरिएका विभिन्न सर्वेक्षणको आधारमा सूची तयार गरिएको संस्थाले बताएको छ। 'नेपालमा क वर्षमा (सन् २०२०/२१) मा विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट भिडिइएमसहित ६ वटा संस्थाद्वारा गरिएका सर्वेक्षणका आधारमा नेपालको सिपिआई निकालिएको हो,' सिपिआई रिपोर्टमा भनिएको छ।

सिपिआईका पूरक सर्वेक्षणहरूमध्ये विश्व बैंकले सरकारद्वारा सार्वजनिक पदाधिकारीहरूको काम-कारबाहीको निगरानी, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच र सीमित व्यक्तिहरूको राज्य सञ्चालनमा पकडबारे सर्वेक्षण गरेको छ। वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्का-पट्टा र न्यायिक निर्णयमा भ्रष्टाचारबारे, ग्लोबल इन्साइटले व्यापार, व्यवसाय, ठेक्का-पट्टा, आयात निर्यातमा घुस र भ्रष्टाचारबारे र बर्टेल्सम्यान फाउन्डेसनले पदको दुरुपयोगमा सार्वजनिक पदाधिकारीमाथि कतिको कारबाही हुन्छ र सरकारको भ्रष्टाचार नियन्त्रणको प्रयास कतिको सफल छ भन्ने सर्वेक्षण गरेको छ। त्यस्तै, वर्ल्ड जस्टिस प्रोजेक्टले सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग विषयमा र भिडिइएमले राजनीतिक भ्रष्टाचारअन्तर्गत संसद्, कार्यपालिका र न्यायपालिका सम्बन्धित भ्रष्टाचारको व्यापकताजस्ता विषयमा सर्वेक्षण गरेका छन्।

## उत्तरकोरिया...

जनवरी महिनामा मात्रै क्षेप्यास्त्र परीक्षण गरेको यो ५ औं पटक हो। यसअघि उसले जनवरी ५ र ११ मा हाइपरसोनिक, जनवरी १४ मा दुई रेल तथा कारबाट प्रहार गर्न मिल्ने छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र र जनवरी १७ मा दुईवटा रणनीतिक रूपमा निर्देशितसहित ४ क्षेप्यास्त्र परीक्षण गरेको थियो। दक्षिण कोरियाली सेनाका अनुसार तीमध्ये कतिपय क्षेप्यास्त्र उत्तर कोरियाली राजधानी प्योङयाङ नजिकैबाट प्रहार गरिएको हो। उत्तरले ती क्षेप्यास्त्र तटीय क्षेत्रमा प्रहार गरेको हो। संयुक्त राष्ट्रसंघले उत्तर कोरियालाई क्षेप्यास्त्र तथा परमाणु हतियार परीक्षण गर्न प्रतिबन्ध लगाएको छ। तर उसले त्यसको बेवास्ता गर्दै क्षेप्यास्त्र परीक्षणलाई निरन्तरता दिँदै आएको हो। त्यसैगरी, अमेरिका र युरोपेली संघले पनि उत्तर कोरियामाथि आर्थिकलगायत नाकाबन्दी लगाउँदै आएका छन्।

उत्तरले शृंखलाबद्ध रूपमा क्षेप्यास्त्र प्रहार गरेपछि दक्षिण कोरिया, जापान र अमेरिकाले त्यसको निन्दा गर्दै आएका छन्। उत्तर कोरियाली गतिविधिले क्षेत्रीय शान्ति र सुरक्षा खतरामा पारेको जापानको भनाइ छ। जापानी रक्षामन्त्री नोबुओ किसीले पछिल्ला दिनमा उत्तरले क्षेप्यास्त्र विकासमा जोड दिएको भन्दै त्यसको विरोध गरेका छन्। अमेरिकी सेनाको इन्डो-प्यासिफिक कमान्डले उत्तर कोरियाको अवैध हतियार कार्यक्रमले अस्थिरता निम्त्याउने जनाएको छ। तर त्यस्ता प्रक्षेपणले अमेरिका र उसका सहयोगीलाई तत्काल कुनै खतरा नपर्ने कमान्डको दाबी छ। जनवरी १४ मा परीक्षण गरिएका हाइपरसोनिक क्षेप्यास्त्र भने उत्तर कोरियाली नेता किम जोङ उनले अवलोकन गरेका थिए। क्षेप्यास्त्र परीक्षणका क्रममा उत्तर कोरियाली विदेशमन्त्रीले अमेरिकी प्रतिबन्धको कडा आलोचना गरेका थिए।

जनवरी महिनामा उत्तरले गरेको प्रक्षेपण गति भने अस्वाभाविक देखिएको छ। कोरियाली प्रायद्वीपमा अमेरिका र दक्षिण कोरियाली सेनाबीच हुँदै आएको संयुक्त सैन्य अभ्यासको कडा विरोध जनाउन उत्तरले क्षेप्यास्त्र परीक्षणको गति बढाएको हो। त्यसका साथै आफ्ना क्षेप्यास्त्रको क्षमता विकसित गर्न तथा तयारी अवस्थामा राख्न उत्तरले त्यस्ता परीक्षण गर्ने गरेको जानकारहरू बताउँछन्। पछिल्ला परीक्षण त्यसको निरन्तरता भएको अमेरिकाको वासिङ्टनस्थित एक अन्तर्राष्ट्रिय थिंकट्यांक संस्थाका विज्ञ अंकित पन्डा बताउँछन्।

पछिल्लो समय उत्तर कोरिया चरम आर्थिक संकटबाट गुज्रिरहेको छ। कोभिड-१९ को महामारी नियन्त्रणका लागि नाकाबन्दी गरेपछि खाद्यान्न अभाव भएको छ। केही साताअघि दलको वार्षिक बैठकका क्रममा नेता किमले 'देशले जीवन र मरणबीच संघर्ष गरिरहेको' स्वीकार गरेका थिए। देश विकास र जनताको जीवनस्तर सुधार्नु नै सन् २०२२ को प्रमुख लक्ष्य भएको उनको भनाइ थियो। तर कोरियाली द्वीपमा आफ्नो देशको प्रतिरक्षा क्षमता सुदृढ पार्ने क्रम भने जारी रहने तर त्यसका लागि तयारी भइरहेको किमले बताएका थिए। त्यसको केही दिनमा उत्तरले क्षेप्यास्त्र परीक्षणलाई तीव्रता दिएको हो। उत्तर कोरियाले सन् २०१७ मा ह्वासोङ-१५ क्षेप्यास्त्र परीक्षण गरेको थियो।

## बतास...

सम्झौता फिर्ता लिइएको जानकारी गराएका हुन्। मन्त्रीस्तरीय निर्णयबाट धर्मशाला सञ्चालनका लागि व्यावसायिक फार्म बतास समूहसँग सम्झौता रद्द भएको मन्त्री आलेले बताए। उनले भने, 'छानबिन समितिले गरेको सिफारिसका आधारमा धर्मशाला फिर्ता लिने निर्णय गरेका छौं, अब धर्मशाला बसात समूहले सञ्चालन गर्दैन।' पशुपति क्षेत्र विकास समितिका कोषाध्यक्ष नारायण सुवेदीको संयोजकत्वमा गठित छानबिन समितिले धर्मशाला भाडामा दिँदा मिलेमतो भएको भन्दै फिर्ता लिनुपर्ने निष्कर्षसहित मन्त्री आलेलाई प्रतिवेदन बुझाएको थियो। पशुपति विकास कोष र बतास समूहअन्तर्गतको होटल आनन्द प्रालिबीच सम्झौता भएर पशुपति धर्मशाला सञ्चालनमा आएको थियो। कोषले निर्माण गरेको संरचनामा बतास समूहले महङ्गो मूल्य लिँदै होटलका रूपमा धर्मशाला सञ्चालन गर्दै आएको आरोप लागेको थियो। उक्त आरोपपछि मन्त्री आलेले उक्त धर्मशालाको आफै गएर अनुगमन गरेका थिए। अनुगमनका क्रममा धर्मशाला निर्माण गर्दा र सम्झौता भएबमोजिम बेडको सङ्ख्या र दररेट फरक पारेको, कोषलाई बुझाउनुपर्ने भाडा नबुझाएको, धर्मशालामा विभिन्न कार्यालय राखेको, कोषको स्वीकृतिबिना धर्मशालामा विभिन्न संरचना निर्माण गर्नेजस्ता कार्य गरेको पाइएको थियो। रासस

## क्लिनसीप...

प्रदेश १ मा कांग्रेसका गोपाल बस्नेत तथा नेकपा एसकी जयन्ती राई गठबन्धनका तर्फबाट विजयी बन्दा एमालेका सोनम ग्याल्जेन शेर्पाले भने जसपाका उम्मेदवार हेमराज राईलाई पराजित गर्दै विजयी भएको निर्वाचन आयोगले जनाएको छ।

यसैगरी, मधेस प्रदेशमा सत्तारूढ गठबन्धनका मोहम्मद खालिद सिद्दिकी र उर्मिला अर्याल विजयी भएका छन्। सिद्दिकी जसपाका हुन् भने अर्याल माओवादी केन्द्रबाट उम्मेदवार थिइन्। बाग्मती प्रदेशमा गठबन्धनका तर्फबाट एकीकृत समाजवादीकी गोमादेवी तिमल्सिना र कांग्रेसका कृष्णप्रसाद पौडेल निर्वाचित भएका छन्। पौडेल कांग्रेस मुख्यसचिवसमेत हुन्। गण्डकी प्रदेशमा गठबन्धनका तीनै जना उम्मेदवार विजयी भएका छन्। कांग्रेसकी कमला पन्त, माओवादी केन्द्रका सुरेश आलेमगर र भुवनबहादुर सुनार निर्वाचित भएका हुन्।

लुम्बिनी प्रदेशमा कांग्रेसका युवराज शर्मा, नेकपा एसकी राजेन्द्रलक्ष्मी गैरे र जनमोर्चाका तुलप्रसाद विश्वकर्मा निर्वाचित भए। सुदूरपश्चिममा पनि गठबन्धनका उम्मेदवार विजयी भए। सुदूरपश्चिमबाट नेकपा एसकी मदनकुमारी शाह (गरिमा), माओवादी केन्द्रका जगत् पार्की र कांग्रेसका उम्मेदवार नारायणदत्त मिश्र विजयी भएका हुन्। कर्णाली प्रदेशमा नेकपा एसका उदय बोहोरा, माओवादी केन्द्रका नरबहादुर विष्ट र कांग्रेसकी दुर्गाकुमारी गुरुङ निर्वाचित भएका हुन्। उनीहरू गठबन्धनबाटै निर्वाचित उम्मेदवार हुन्।

बुधबारको निर्वाचनअघि राष्ट्रिय सभामा एमालेको २४ सिट थियो। बुधबारबाटै एमालेले आफ्नो सात सिट गुमाउँदै १७ सिट कायम राखेको छ। प्रतिनिधिसभामा मात्रै रहेको जनमोर्चाले राष्ट्रिय सभामा समेत खाता खोलेको छ। लुम्बिनी प्रदेशको दलिततर्फ जनमोर्चाका उम्मेदवार तुलबहादुर विश्वकर्मा विजयी भएका छन्।

## विवादमा...

प्राकृतिक न्यायको सिद्धान्त र विगतमा शर्मा नेतृत्वको सिफारिस समितिको निर्णय विपरीत सिफारिस गरेको भन्दै राष्ट्रिय प्रतिरक्षा समितिको कार्यालयका उपरथि अनन्त कार्कीले रक्षा मन्त्रालयमा निवेदन दिएका छन्। कार्कीले मंगलबार रक्षा मन्त्रालयका साथै जगनाथ देवल काठमाडौं, राष्ट्रपति, प्रधानमन्त्री, सभामुखलाई समेत बोधार्थसहित निवेदन लखिएको रक्षा मन्त्रालय स्रोतले बताएको छ। रक्षाले कार्कीको निवेदनलाई प्रक्रियाअनुसार अघि बढाएको जानकारी दिँदै स्रोतले बतायो– त्यस विषयमा मन्त्रिपरिषद्मा पनि कुरा उठेको भन्ने जानकारी प्राप्त भएकाले सचिवज्यूमार्फत विभागीय मन्त्रीलाई जानकारी गराइएको छ।

कार्कीले भने प्रधानमन्त्री शेरबहादुर देउवाको निजी सचिवालयमा पनि निवेदन दर्ता गराएका छन्। प्रधानमन्त्रीको सचिवालयमा ४७८७ नम्बरमा निवेदन दर्ता भएको छ। आफ्नो पदावधि थप गर्न तत्कालीन रथी हाल प्रधानसेनापति शर्माकै अध्यक्षतामा २०७७ चैत १२ गते बसेको समितिको बैठकले आफूसहित तीन जनाको नाम सिफारिस गरेको कार्कीले दाबी गरेका छन्। त्यसको जानकारी तत्कालीन प्रधानसेनापति पूर्णचन्द्र थापाबाट पनि आफूलाई जानकारी भएको उनको जिकिर छ। प्रधानसेनापति स्वास्थ्य उपचारका लागि बिदा बस्नुअघि पुस १६ गते कार्कीबाहेक उपरथी सीताराम खड्का र तारा पाण्डेको पदावधि थप्नका लागि रक्षा मन्त्रालयलाई सिफारिससहितको पत्र पठाइएको जनाइएको छ। पदावधि थप गर्नका लागि पुस ३० को मन्त्रिपरिषद्मा उक्त प्रस्ताव पेस भए पनि वरिष्ठ उपरथिको म्याद थप्नका लागि सिफारिस नभएको भन्दै बैठकले कुनै निर्णय गरेन। माघ २३ गते अवकाश प्राप्त गर्ने कार्कीले २०७७ सालको कार्यसम्पादन मूल्यांकन विपरीत भएको जिकिर गरेका छन्। 'पदावधि थपजस्तो वृत्ति विकासमा मनोमानी र स्वेच्छाचारी ढंगले उचित कारण र विवेक विपरीत गरिने सबै निर्णय गैरकानुनी कार्य हुन्'– कार्कीको निवेदनमा उल्लेख छ।

## कृषि...

महिनामा २७ अर्ब १३ करोड ३५ लाख २४ हजार मूल्यको चामल आयात भएको छ भने ११ अर्ब ७१ करोड ९३ लाख ४२ हजार रुपैयाँको मकै आयात भएको छ। गत वर्ष सोही अवधिमा चामलको आयात २५ अर्ब १८ करोड २५ लाख ३५ हजार मूल्यको भएको भने मकै ८ अर्ब ८७ करोड ८६ लाख ९४ हजार मूल्यको आयात भएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ तथ्यांक अधिकृत रामकृष्ण रेग्मीले पछिल्लो समय कृषियोग्य जमिन मासिदै गएको र खेती गर्ने जनशक्ति पनि कम भएका कारण कृषिजन्य वस्तुको आयात बढ्दै गएको बताएका छन्। गत वर्षको तुलनामा चामल आयात १ अर्ब ९५ करोड ९८ लाख ९ हजार रुपैयाँ बढी आयात भएको छ भने मकै २ अर्ब ८४ करोड ६४ लाख ८ हजार रुपैयाँ बढी आयात भएको छ। उनले यस वर्ष वर्षाका कारण धान उत्पादन ठूलो असर परेको हुँदा चामलको आयात गत वर्षभन्दा स्वाभाविकले नै बढ्ने बताए। 'वर्षका चामलको माग ६५ लाख मेट्रिक टन हो तर धानको उत्पादन यसपटक ५१ लाख मेट्रिक टन मात्र उत्पादन छ,' वरिष्ठ तथ्यांक अधिकृत रेग्मीले भने।

स्वदेशमा पशु दाना र कुखुराको दानाको मकै उत्पादन नहुने हुँदा दानाको प्रयोगका लागि मकैको आयात बढ्दै गएको रेग्मीले बताए। कृषिजन्य वस्तुको आयात बढ्नुको मुख्य कारण कृषि खेती गर्ने युवा जनशक्ति सबै विदेश पलायन हुँदा स्वदेशमा काम गर्ने जनशक्ति नहुनु र खेती योग्य जमिन मासिँदै गएकाले आयात बढ्दै गएको तथ्यांक अधिकृत रेग्मीको भनाइ छ। विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको ६ महिनामा खाद्यन्न गेडागुडी ४२ अर्ब ७२ करोड ४५ लाख ७० हजार मूल्यको आयात भएको छ। गत वर्ष सोही अवधिमा ४१ अर्ब ७७ करोड ४७ लाख २८ हजार मूल्यको खाद्यन्न गेडागुडी आयात भएको थियो। यसैगरी हरियो तरकारी जन्यवस्तु चालु आर्थिक वर्षको ६ महिनामा २२ अर्ब ५१ करोड ५८ लाख ७१ हजार मूल्यको आयात भएको छ भने गत वर्ष सोही अवधिमा हरियो तरकारीजन्य वस्तुको आयात १९ अर्ब २२ करोड ३९ लाख ९२ हजार मूल्यको आयात भएको थियो।

यसैगरी, जीवित जन्तुको ६ महिनामा १ अर्ब १४ करोड ३३ लाख १५ हजार मूल्यको आयात भएको छ भने गत वर्ष सोही अवधिमा जीवित जन्तुको आयात ६४ करोड ९० लाख १६ हजार मूल्यको भएको थियो। यसैगरी, मासु ३ करोड ८९ लाख २९ हजार मूल्यको आयात भएको छ भने गत वर्ष सोही अवधिमा मासु ८२ लाख ६५ हजार रुपैयाँको मात्र आयात भएको थियो। यसैगरी, विभागको तथ्यांकअनुसार माछा तथा अन्य जलचर ८७ करोड ५६ लाख ४५ हजारको आयात भएको छ भने गत वर्ष सोही अवधिमा ८० करोड ७८ लाख ९३ हजारको आयात भएको थियो।

## ऐन...

यो प्रावधान संविधानको धारा २२५ का साथै २१५ (६), २१६ (६) र २२० (५) सँग बाझिएको उनको तर्क छ। ऐनको दफा ४ भने संशोधन गरिने महान्यायाधिवक्ता खातीले जानकारी दिए। उक्त दफामा सरकारले दुई वा दुईभन्दा बढी चरणमा निर्वाचन गर्न सक्ने तर पहिलो चरणको मितिलाई निर्वाचन सम्पन्न भएको मानिने उल्लेख छ।

सरकारले सोही ऐनको अर्को दफा ५५ संशोधन गर्न खोजेको छ। उक्त दफामा गाउँ-नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा अगाडि निर्वाचन भएकामा निर्वाचन हुँदा कायम रहेका सदस्यको कार्यकाल समाप्त भएको भोलिपल्टको मितिमा नयाँ निर्वाचित भएको मानिने उल्लेख छ। ऐन लागू भएपछिको पहिलो पटकको निर्वाचनमा भने पहिलो चरणमा निर्वाचन सम्पन्न भएको मितिको सातौं दिन नयाँ निर्वाचित सदस्य निर्वाचित भएको मानिने भनिएको छ। उक्त दफाअनुसार आगामी जेठ ५ मा ७ सय ५३ वटै स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल सकिन्छ।

सत्ता गठबन्धनले महान्यायाधिवक्ता खाती, वरिष्ठ अधिवक्ता श्रेष्ठ र अधिवक्ता गोविन्द बन्दीसँग स्थानीय तह चुनावसम्बन्धी संवैधानिक तथा कानुनी विवाद सुल्झाउन परामर्श गरिरहेको छ। तीनै जनाले संविधानमा किटान गरिएको जनप्रतिनिधिको पाँचवर्षे कार्यकाललाई प्रमुख आधार बनाएर वैशाख-जेठमा चुनाव गर्न नहुने सुझाव दिएका छन्।

संसद् अधिवेशन चालु अवस्थामै रहेकाले सरकारलाई ऐन संशोधन प्रक्रिया अघि बढाउन भने चुनौती छ। प्रमुख प्रतिपक्षी एमालेको अवरोधका कारण भदौयता संसद् चल्न सकेको छैन। त्यसमाथि स्थानीय चुनाव सार्ने गरी ऐन संशोधनका लागि संसद् अवरोध हटाउने सम्भावना देखिँदैन। यस्तो अवस्थामा सरकारसामु संसद् अधिवेशन अन्त्य गरेर अध्यादेशबाट ऐन संशोधन गर्ने विकल्प छ। प्रमुख प्रतिपक्षी एमालेका साथै सत्ताको नेतृत्व गरिरेहको कांग्रेसभित्रै पनि स्थानीय तह चुनाव नसार्न चर्को दबाब छ। कांग्रेसमा शेखर कोइराला समूहले सोमबार भर्चुअल बैठक गरी स्थानीय तहको चुनाव समयमै गर्न र चुनावमा एक्लै प्रतिस्पर्धा गर्न जोड दिएको थियो।

## ओमिक्रोन...

आएको। तीन दिनपछि ज्वरो आफैँ बिसेक हुँदै गएको अनि हल्का रुघाखोकीको समस्या, अलिकति जिउ दुख्ने हुन्छ। सामान्य पारासिटामोल आफैँले खाइराख्नुभएको छ बिरामीहरूले। अहिले जनचेतना धेरै जाग्या छ। कतिपयलाई तीन दिनभन्दा बढी ज्वरो आइराछ। ज्वरो १ सय २/३ भन्दा घटेको छैन, सिटामोलको प्रयोग गर्दाखेरी पनि ज्वरो घटेको छैन। जिउ दुखिराखेको छ। छाती भारी भइराखेको छ। खोकी बढिराखेको छ। पल्स अक्सिमिटरमा अक्सिजन चेक गर्नुहुन्छ, अक्सिजनको मात्रा ९४ भन्दा झर्न थालेको छ। बिरामीले खाना पटक्कै खानु भएको छैन। एकदमै विक हुनु भएको छ भने उहाँलाई तुरुन्तै ओपिडी ल्याएर डाक्टरसँग परामर्श लिन म आग्रह गर्छु।

दुईथरी पेसेन्टहरू (बिरामी) हुनुहुन्छ। एकथरी रुघा लाग्ने बित्तिकै आउनुहुन्छ जँचाउन। त्यसमा हामीले खासै गर्नुपर्ने केही हुँदैन। काउन्सिलिङ गर्दिन्छौं। रेस्ट गर्नु भन्छौं। रेस्टले नै निको हुन्छ आधीभन्दा बढी यो। फ्लु होस् अथवा मौसम परिवर्तनले हुने कमन कोल्ड होस्, इन्फ्लुएन्जा होस्, कोभिड होस्। रेस्ट मात्रै गरे पनि निको भइराखेको छ कत्तिलाई। कतिचाहीँ कस्तो हुन्छ भने धेरै गाह्रो भइसक्दा पनि आउनु भएको छैन उहाँहरू अस्पताल। स्वास प्रश्वासमा समस्या भयो, बिरामीले खाना पटक्कै खानु भएको छैन। दीर्घ रोग लागेका बिरामीहरू हुनुहुन्छ। घरमा अक्सिजन नाप्दा अक्सिजनको मात्रा तलमाथि भएको छ भने अक्सिजनको सिलिन्डर छ घरमा भनेर नबस्नु। एकचोटी आउनुस्। डाक्टरले हेर्नुहुन्छ, छातीको एक्सरे गर्नुहुन्छ। निमोनिया भइसक्या छ कि छैन हामीले छुट्याउनुपर्ने हुन्छ। निमोनिया भएको बिरामीहरूलाई अस्पतालमै भर्ना गरेर उपचार गर्न म आग्रह गर्छु।

पोजेटिभ बिरामीहरूलाई राख्ने र नेगेटिभ बिरामीलाई राख्ने अलग व्यवस्था छ। लक्षणहरू सबै मिल्छ कोभिडसँग तर आरटी पिसिआर गर्दा नेगेटिभ आयो भने उहाँहरूलाई अलग राख्ने व्यवस्था छ। सबै पोजेटिभ बिरामीहरूलाई भर्ना गर्ने हामीले गरेका छैनौं। यदि माइल्ड छ सामान्य लक्षण छ भने काउन्सिलिङ गरेर, घरमा नै उपचार गरेर, डाक्टरले औषधिहरू दिएर घर पठाइराखेका छौं। अक्सिजन पर्याप्त मात्रामा शरीरमा पुगेको छैन भन्नेजस्तो हामीलाई डाउट (शंका) लाग्ने बित्तिकै हामीले बिरामीलाई भर्ना गरेर दुई/चार दिन उहाँहरूलाई क्रिटिकल केयर तथा छाती विशेषज्ञ र फिजिसियन हामी तीन जनाको टिम मिलेर क्लोज अब्जरभेसनमा राखेर उपचार गरिराखेका छौं। निको भएर गइराख्नुभएको छ। पहिला पहिलाको जस्तो महामारी जुन थियो त्यस्तो अवस्था आएको छैन। त्यही भएर कन्ट्रोल नै गर्न नसकिने, इमर्जेन्सीमा बेड नै नभएको। अक्सिजन नै नपुगेको यसपालि हामीले आजको दिनसम्म भेटेनौं। त्यतिबेलाको भन्दा अहिलेको व्यवस्थापन त्यतिबेलाको जस्तो बेग आउँछ भनेर हामीले जुन तयारी गर्यौं मानसिक रूपमा, अस्पतालको व्यवस्थापनमा जुन हिसाबले तयारी भएर बस्यौं त्यो कारणले गर्दा यसपालि व्यवस्थापनमा त्यत्ति असहजता छैन।

एउटा सुझाव म के दिन चाहान्छु भने पहिले सुरुमा डेल्टा होस् या ओमिक्रोन होस् या कुनैपनि भेरियन्ट होस् हामीले पिसिआर गरेर छुट्याउन सक्दैनौं। यो जनमानसमा गलत धारणा कि डाक्टरकहाँ गएपछि उहाँले ओमिक्रोन हो कि होइन छुट्याइदिन सक्नुहुन्छ भन्ने छ। हामीले पेसेन्टको लक्षण हेरेर भन्न सक्दैनौं। अर्को एउटा के धारणा गलत छ भने त्यो सिटी भ्यालु देखाउन आउनुहुन्छ। पिसिआरको रिपोर्टमा जुन सिटी भ्यालु लेखेको हुन्छ, मेरो त मेरो कम छ उहाँको बढी छ मलाइ अलि गाह्रो हुने हो कि, हामीलाई त्यसको आधारमा बिरामीलाई गाह्रो हुन्छ, बिरामीलाई आइसियूमा भर्ना गरिन्छ कि बिरामीलाई माइल्ड हुन्छ भनेर छुट्याउन सक्ने त्यो क्यापेबिलिटी छैन। त्यसमा कन्फ्युजनमा नपर्नुस्। पिसिआर गरेर ओमिक्रोन हो कि होइन भनेर थाहा पाउन सकिदैन। ओमिक्रोनका लागि छुट्टै जिन सिक्वेन्सिङ भनेर हाम्रो प्रयोगशालाबाट बाहिर पठाउनुपर्ने हुन्छ त्यो सबै स्याम्पललाई हामी गर्दैनौं। अनि थाहा भएर पनि कोभिडको उपचारमा केही परिवर्तन आएको छैन नि त।

त्यो ओमिक्रोन होस् या डेल्टा होस् उपचार त्यही हो। रोगीहरूको प्याटर्न त्यही हो। कतिबेला निको हुन्छ, कतिबेलादेखि सर्दैन भनेर हामी काउन्सिलिङ गर्दिन्छौं आउनुहोला ओपिडीमा। अनि अर्को कुरा, हात धुने। स्यानिटाइजरहरू लगाउने, सामाजिक दुरी कायम गर्ने, मास्क लगाउने, अनावश्यक कामको लागि बाहिर नहिँड्ने, यो कुरा हामीले भनिरहेका छौं बारम्बार मानिसहरूलाई बानी बसोस् भनेर। ९० प्रतिशत बिरामीहरूको अहिले माइल्ड छ। पहिला पहिलाको वेबजस्तो आइसियु, बेडको अभाव, अक्सिजनको अभाव छैन। त्यसो भन्दैमा बेपर्वाह हुनु भएन। ओमिक्रोन हो केही हुँदैन भन्ने पनि आएको छ अहिले धारणा। ओमिक्रोन पनि जटिल रुपमा निमोनिया भएर बिरामीहरू नराम्रो अवस्थामा गएको पनि हामीले देख्या छौं। त्यही भएर पहिलाजस्तै सतर्क भएर हात धुने, स्यानिटाइजर लगाउने, मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने र अनावश्यक कामका लागि बाहिर भिडभाड नगर्ने।

*(न्युज एजेन्सी नेपालको संवादमा आधारित)*